# पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन


शोधार्थी

रुकमिला भण्डारी

त्रिवि दर्ता नं. ९-२-६२६-१९-२००७

क्याम्पस क्रमाङ्क : २१४००४१/०६९

शैक्षिक वर्ष : २०६७/०६८


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय
अन्तर्गत नेपाली शिक्षा स्नातकोत्तर (एम.एड) द्वित्तीय वर्षको
नेपाली शिक्षा (नेपा.शि. ५९८) को प्रयोजनको निमित्त प्रस्तुत

## शोधपत्र


त्रिभुवन विश्वविद्यालय

नेपाली भाषाशिक्षण विभाग, शिक्षाशास्त्र सङ्काय

सुकुना बहुमुखी क्याम्पस

कोसीहरैचा मोरङ

२०७३/२०१७

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषाशिक्षा विभाग स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत **'पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन'** शीर्षकको शोधपत्र प्रतिवेदन अर्को प्रयोजनको लागि कही कतै पेश नगरेको र अनुसन्धान कार्य अत्यन्त मौलिक रहेको प्रतिबद्धता व्यक्त गर्दछु ।

...................................

**रुकमिला भण्डारी**

एम.एड. दोस्रो वर्ष

नेपाली भाषा शिक्षण विभाग

मिति : २०७३/११/१

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत सुकुना बहुमुखी क्याम्पस नेपाली शिक्षा विभागका स्नातकोत्तर तहका छात्रा रुकमिला भण्डारीले **पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा कडा परिश्रमका साथ तयार पार्नुभएको हो, उहाँको शोधपत्रप्रति म सन्तुष्ट छु र उचित मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

...................................

शोधनिर्देशक

**मेघनारायण श्रेष्ठ** (**उप प्रध्यापक**)
सुकुना बहुमुखी क्याम्पस,
कोसीहरैँचा मोरङ
नेपाली भाषा शिक्षा विभाग

मिति : २०७३/११/१

# कृतज्ञताज्ञापन

सर्वप्रथम शोधशीर्षक छनोटदेखि शोधपत्र तयार पार्दासम्म अलिकति पनि अफठ्यारो महसुस नगराइकन सधैँ उपयुक्त सल्लाह र सुझाव प्रदान गरी सहज वातावरणमा शोधपत्र तयार गर्न सहयोग गर्नुभएकोमा शोधनिर्देशक प्राध्यापक मेघनारायण श्रेष्ठज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

वास्तवमा, शोध छलफल र सोधखोजबाट मात्र निष्कर्षमा पुगिने विषय भएकाले सम्बन्धित विषयका विज्ञ, विशेषज्ञ तथा सम्बद्ध सबैको सहयोग अपरिहार्य हुन्छ । यथा समयमै शोधपत्र तयार गर्न हरदम सल्लाह, सुझाव र सहयोग प्रदान गर्नुहुने विभागीय प्रमुख श्री अमृत आचार्य ज्यू प्रति हार्दिक कृतज्ञता प्रदान गर्दछु ।

यस शोधपत्र तयारीका क्रममा आइपरेका समस्या समाधानमा आवश्यक सहयोग पुऱ्याउनुहुने मसँगै स्नातकोत्तर तह अध्ययनरत सहपाठी साथीहरु अञ्जु गौतम, मन्दिरा तिम्सिना, सुशीला लुईटेल, रोमादेवी ढकाललाई हार्दिक आभार प्रकट गर्दछु ।

यस शोधकार्यलाई निर्दिष्ट समयमा सम्पन्न गर्नका लागि मलाई बारम्बार सचेत गराइरहने मेरा पति प्रकाश तिम्सिना, बुबा मेघराज भण्डारी, ससुराबुबा ज्ञानेन्द्र तिम्सिना, आमा तारादेवी भण्डारी र सासुआमा मैया तिम्सिना प्रति म हार्दिक कृतज्ञ छु ।

यस शोधपत्रलाई समयमा नै कम्प्युटर टाइप गरी सहयोग पुऱ्याउनुहुने भाइ यज्ञमणि निरौलालाई धन्यवाद दिन चाहान्छु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनको लागि शिक्षाशास्त्र संकाय, नेपाली शिक्षा विभाग, सुकुना बहुमुखी क्याम्पस, कोसी हरैँचा मोरङ समक्ष प्रस्तुत गर्दछु ।.

मिति : २०७३/ /

शोधार्थी

**रुकमिला भण्डारी**

सुकुना बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

# शोधसार

शोधशीर्षक : पाठ्क्रमका अनुरूपतका दृष्टिले कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन

शोधार्थी : रुकमिला भण्डारी

शोधनिर्देशक : मेघनारायण श्रेष्ठ (उप प्रध्यापक)

क्याम्पस : सुकुना बहुमुखी क्याम्पस, कोसीहरैचा, मोरङ

पृष्ठ सङ्ख्या : ५६ (९+४५+२)

जम्मा परिच्छेद : ५

शैक्षिक वर्ष : ०६७-६८

**शोध प्रक्रिया**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत एम.एड. (नेपा.शि.५९८) पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो । प्रस्तुत शोध अध्ययन पाठ्क्रमका अनुरूपतका दृष्टिले कक्षा ९र १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन शीर्षकमा गरिएको छ ।

यस शोध अध्ययनको मुख्य उद्देश्य कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समावेश रहेको कथा विधा पाठ्यक्रम अनुरुपताका आधारमा भएन नभएको फरक फरक कोणबाट विश्लेषण गरी उपयुक्त सुझाव दिनु हो । यसका लागि भाषिक सीप पक्ष, छनोटको आधार पाठ्यक्रमका क्षेत्र र क्रमलाई आधार मानी व्याख्या विश्लेषण गरिएको छ ।

यस शोधपत्रलाई व्यवस्थित ढङ्गले सम्पन्न गर्नका लागि यस शीर्षकसँग सम्बन्धित विभिन्न लेख, रचना र साहित्यहरूको व्यापक समीक्षा एवं पुनरावलोकन गरिएको छ । सैद्धान्तिक ढाँचाको रूपमा डा.ऋषिराज बराल, पारसमणि भण्डारी, रामनाथ ओझा र अन्यद्वारा लेखिएका कथा शिक्षण सम्बन्धी सिद्धान्तलाई प्रस्तुत गरिएको छ । सम्बन्धित साहित्यको पुनरावलोकन अन्तर्गत स्नातकोत्तर अध्ययनको क्रममा नेपाली विषयको कथा विधा सम्बन्धी गरिएका शोध कार्यहरुका विश्लेषण, निष्कर्ष र सुझावहरुलाई आधार मानिएको छ ।

यस अध्ययन सम्पन्न गर्नका लागि पुस्तकालयीय अनुसन्धान विधिको प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलन र विश्लेषणका लागि वर्गीकरण तालिकीकरण, वर्णन व्याख्या र विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको लागि कक्षा ९ र १० को नेपाली किताबमा प्रयुक्त कथा विधालाई छुट्टा छुट्टै विश्लेषण गरिएको छ । दुवै पाठ्यपुस्तकका कथाहरुलाई पाठ्यक्रम अनुरूपताका आधारमा छनोटका आधारमा भाषिक सीप पक्ष, क्षेत्र र क्रमका आधारमा निष्कर्ष निकाली सुझाव समेत पेश गरिएको छ ।

प्रस्तुत शोधको कथा विधामा बोध प्रयोग र सिर्जना पक्षको सन्तुलन असमान रहेको, भाषिक सीप मध्ये सुनाइ र पढाइलाई प्राथमिकता दिइएको, पाठ्यक्रम अनुरुपताका दृष्टिले क्षेत्रका आधारमा कथाहरु उपयुक्त रहेपनि क्रमका आधारमा विचलन पाइएको छ भने छनोटका दृष्टिले कथा उपयुक्त नभएको निष्कर्ष रहेको छ ।

यस शोधको सुझावमा विषयवस्तुका आधारमा सिर्जनात्मक खालका कथाहरुको सन्तुलन मिलाउनु, भाषाका चारवटै सीप समानुपातिक रुपमा समावेश गर्नु, विद्यार्थीहरुको स्तर, क्षमता अनुरुपको कथाहरुको चयन गर्नु लगायत समय सापेक्ष पाठ्यक्रमको परिमार्जन गर्न सुझाव प्रदान गरिएको छ ।

यस शोधको शैक्षणिक प्रयोजन अन्तर्गत कथा विधा भित्र रहेका सबल र दुर्बल पक्ष केलाउदै लेखक, शिक्षक, शिक्षक निर्देशिका निर्माता र सरोकारवालाहरुलाई त्रुटि निवारण गर्न सहयोग पुऱ्याउनु रहेको छ ।

यस शोधको शैक्षणिक प्रयोजन हाम्रो नेपाली किताब र नेपाली भित्र रहेका नमुना अभ्यासहरूको सबल र दुर्बल पक्ष केलाउँदै लेखक, शिक्षक, शिक्षक निर्देशिका निर्माता र सरोकारवालाहरूलाई त्रुटि निवारण गर्न सहयोग पुऱ्याउनु रहेको छ ।

# विषयसूची

*प्रतिबद्धता* *क*

*सिफारिस पत्र* *ख*

*स्वीकृति पत्र* *ग*

*कृतज्ञता* *घ*

*सङ्क्षेपिकृत शब्दसूची* *ङ*

*शोधसार* *च*

*विषयसूची* *ज*

परिच्छेद एक : परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ४

१.३ शोधका उद्देश्य ४

१.४ अनुसन्धानात्मक प्रश्नहरू ५

१.५ अध्ययनको महत्त्व ५

१.६ अध्ययनको परिसीमा ६

१.७ प्रयोग भएका पारिभाषिक तथा प्राविधिक शब्दहरू ६

परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

२.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन ८

२.२ सम्बन्धित साहित्यको पुनरवलोकन १२

२.३ साहित्यको पुनरवलोकनको उपादेयता १६

२.४ अवधारणात्मक ढाँचा १८

परिच्छेद तीन : अध्ययन विधि

३.१ अध्ययन विधि १९

३.२ जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति १९

३.३ अध्ययनको क्षेत्र २०

३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका २०

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया २०

३.६ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया २०

परिच्छेद चार : व्याख्या तथा विश्लेषण

४.१ परिचय २१

४.१.१ पाठ्यक्रम अनुरूपताको आधारमा कथाहरूको अध्ययन २४

४.१.२ लोक कथा २४

४.१.३ पौराणिक कथा २६

४.१.४ ऐतिहासिक कथा २७

४.१.५ सामाजिक कथा २७

४.१.६ मनोवैज्ञानिक वा मनोविश्लेषणात्मक कथा २८

४.१.७ बालमनोबैज्ञानिक कथा २८

४.२ सीपगत दृष्टिले कथा विद्याले विश्लेषण २९

४.२.१ सुनाइ सीप २९

४.२.२ बोलाइ सीप ३०

४.२.३ पढाइ सीप ३०

४.२.४ लेखाइ सीप ३१

४.३ छनोटका दृष्टिले कथाहरूको विश्लेषण ३१

४.४ पाठ्यक्रमका क्षेत्र र क्रमका आधारमा विश्लेषण ३७

४.५ पाठ्यक्रम अनुरूपताको आधारमा विधाको क्षेत्र र क्रम तालिका ४१

परिच्छेद पाँच : निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ४२

५.२ सुझाव ४३

५.२.१ नीतिगत तहका लागि ४३

५.२.२ अभ्यास तहका लागि ४४

५.२.३ अनुसन्धान तहका लागि ४४

सन्दर्भसूची

# सङ्क्षेपिकृत शब्दसूची

| **क.सं.** | **संक्षिप्त रुप** | **पूर्ण रुप** |
|---|---|---|
| १ | अ.प्र | अप्रकाशित |
| २ | ऐ | ऐजन |
| ३ | क.स | क्रमसङ्ख्या |
| ४ | वि.सं. | विक्रम सम्वत् |
| ५ | पृ | पृष्ठ |
| ६ | नेपा.शि. | नेपाली शिक्षा |
| ७ | त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल भाषा विषयले २०२८ सालपछि अनिवार्य पाठ्यांशका रूपमा मान्यता पाएर यहाँसम्म आइपुगेको हो । त्रिभुवन विश्व विद्यालयले २०४२ सालदेखि शिक्षाशास्त्र संकायको स्नातकोत्तर तहमा शोध अध्ययनलाई ऐच्छिक विषयका रूपमा लिन पाउने व्यवस्था गरेपछि भाषिक अनुसन्धानले संस्थागत मान्यता पाएको देखिन्छ ।

जीवनका अनेक पक्षमा उपयोगी हुने ज्ञान, सीप र धारणाहरू नै शिक्षा हो । मानिसको उत्तम जीवनयापनका लागि उसलाई अनेक प्रकारका सूचना, तथ्याङ्क जानकारी र अभिवृत्तिहरूको आवश्यकता पर्ने हुनाले शिक्षाले व्यक्तिलाई सहज बनाइदिन्छ ।

नेपाली भाषा शिक्षणका क्षेत्रमा गरिने विभिन्न अनुसन्धानका क्षेत्रहरू मध्ये यस शोधपत्रले *'पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन'* लाई आधार बनाईको छ । शिक्षाको इतिहास हेर्दा विभिन्न समयमा विभिन्न रूपबाट परिभाषित गरेको पाइन्छ । शिक्षा एक गतिशील प्रक्रिया हो । समाज, सामाजिक परिवर्तन, सामाजिक माग, राष्ट्रिय माग अन्तर्राष्ट्रिय परिवेशका आधारमा शिक्षाको परिभाषा पनि परिर्वतनशील हुँदै आएको छ । (शर्मा र शर्मा, २०६३) का अनुसार विभिन्न विद्वानहरूले शिक्षालाई निम्न अनुसार परिभाषा गरेकाछन् :

- शिक्षा बाहिर फक्रिन बाँकीरहेको तर भित्र फक्रिएको वस्तु हो । त्यो त्यस्तो प्रक्रिया हो जसले बच्चालाई आन्तरिक र बाह्य विकास गराउँछ ।

- फ्रेबेल

- शिक्षा त्यही चीज हो जसले व्यक्तिलाई आत्मविश्वासी र निस्वार्थी बनाउँछ शिक्षा सिक्नेर सिकाउने माध्यम हो । (शर्मा, २०६३ पृ.२७)

- रिगवेद

यसरी विद्यार्थीहरूलाई शिक्षाको उद्देश्य निर्धारण पश्चात् उद्देश्यलाई व्यावहारिक रूपमा परिवर्तन गर्नका लाीग बनाइएको सुव्यवस्थित योजना नै पाठ्यक्रम हो । शिक्षाको उद्देश्य प्राप्तिका

लागि विद्यालय तथा शिक्षकद्वारा विद्यार्थीका लागि तयार गरेको योजना र निर्देशानुसारको सम्पूर्ण अनुभवहरूलाई नै पाठ्यक्रम भनिन्छ । यसरी पाठ्यक्रमलाई एउटा शैक्षिक कार्यक्रमको विस्तृत योजनाको रूपमा लिन सकिन्छ । पाठ्यक्रम विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि विद्यालयभित्र र बाहिर दिनुपर्ने शैक्षिक अनुभवहरूलाई दृष्टिगत गरी तयार पारिएको विस्तृत कार्यक्रम हो जसले तोकिएका उद्देश्य अनुरूप सङ्गठित विषयवस्तुहरूलाई उपयुक्त साधनहरूको सहयोगबाट प्रभावकारी क्रियाकलापद्वारा विद्यार्थीहरूको ज्ञान, प्रवृत्ति र व्यवहारमा अपेक्षित परिवर्तन ल्याउन शिक्षकलाई आवश्यक निर्देशन प्रदान गर्दछ । पाठ्यक्रम ल्याटिन भाषाको currer शब्दबाट उत्पत्ति भएको मानिन्छ । यसको शाब्दिक अर्थ “दौडको मैदान” भन्ने हुन्छ । विभिन्न विद्वान, शिक्षाविद् सङ्घसंस्था तथा आयेगले भिन्नाभिन्नै किसिमले पाठ्यक्रमको परिभाषा दिएका छन् । (शर्मा र शर्मा २०६३) का अनुसार केही परिभाषाहरू निम्नानुसार छन् :

“पाठ्यक्रम सिकाइको योजना हो ।” हिल्डा टावा

यस परिभाषामा कुनै विषय सिक्नका लागि गरिने सम्पूर्ण शैक्षणिक क्रियाकलापलाई पाठ्यक्रम भनिएको छ ।

“मानवजातिको सम्पूर्ण ज्ञान र अनुभवको उच्चतम विन्दुलाई नै पाठ्यक्रम मान्नुपर्छ ।”

- फ्रोबेल

फ्रोबेलको यस परिभाषामा मानवले हासिल गर्ने सैद्धान्तिक र व्यावहारिक ज्ञान र अनुभवको चरम विन्दुसम्मको अभ्यास गर्ने योजनालाई पाठ्यक्रम मानिएको छ ।

“पाठ्यक्रम भनेको शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रम हो” - रा.शि.प.यो २०२८ यस परिभाषाले राष्ट्रले राखेको शिक्षाको लक्ष्य पूरा गर्न गरिने शैक्षणिक कार्यक्रमको व्यवस्थित योजनालाई पाठ्यक्रम मानेको छ ।

वास्तवमा पाठ्यक्रमले विद्यार्थीको मानसिक, सामाजिक, संवेगात्मक र शारीरिक लगायतका सर्वाङ्गीण विकास गरी उसका लागि आवश्यक पर्ने ज्ञान, सीप क्षमता प्रदान गर्ने मार्ग प्रशस्त गर्नुका साथै व्यावहारिक जीवनमा आइपर्ने समस्या सामाधान गर्न सहयोग पुऱ्याउने भएकाले शिक्षण प्रक्रियामा यसको विशिष्ट स्थान रहेको हुन्छ ।

पाठ्यक्रममा समावेश भएका विभिन्न विधा मध्ये कथा एक महत्त्वपूर्ण विधा हो । 'कथ्' धातुमा 'अङ्' 'टाप' प्रत्यय लागेर बनेको यस शब्दले वृत्तान्त, सन्दर्भ तथा आख्यायिका भन्दा भिन्न गद्यरचनालाई बुझाउने गर्दछ । कथा वा स्टोरीको व्युत्पत्तिगत अर्थ कथ्नु कहनु वा कथेर भन्नु भन्ने हुन्छ । यो एक प्रकारको कुराकानी हो ।साहित्यिक सन्दर्भमा यो आख्यानात्मक संरचनाका माध्यमबाट भाव सम्प्रषण गर्ने एक विशिष्ट कला हो ।

कथाको जन्म लोककथाबाट भएको हो । मौखिक परम्परादेखि जनमानसले आफ्ना सुख दुःखका भावना, अनुभव र अनुभूतिहरू, आवेग, संवेग सन्तुष्टि, असन्तुष्टि एव मानवीय संवेदनाहरू लोककथाका माध्यमबाट व्यक्त गर्दै आइरहेका थिए । लोककथामा पाइने यिनै प्रवृत्ति र विशेषताहरू अभिव्यक्ति प्रणालीको विकसित रूप लेख्य स्तरमा आउँदा कथा विधाको जन्म भएको हो । यस अर्थमा कथाको सम्बन्ध मानिसको आदिम अवस्थासँग रहेको मान्न सकिन्छ । यसले मानवको सभ्यता, संस्कृति र इतिहासलाई सवेहन गर्दै आइरहेको छ । भाषाले कथ्य स्तरबाट लेख्य स्तरमा प्रवेश गरेसँगै कथा आख्यानात्मक संरचनाका माध्यमबाट कलात्मक रूपमा प्रस्तुत हुन थालेको हो ( ओझा, जोशी २०७३ पृ. २१६) ।

कथा साहित्यको प्राचीन विधा हो । यसको इतिहास लामो हुनका साथै यो उत्तिकै लोकप्रिय पनि छ । यसले पाठकको मनलाई प्रभावित पार्न सक्छ । यसको रचना गद्यमा गरिन्छ भने यसमा कल्पना तत्त्वको उपस्थिति अनिवार्य मानिन्छ । कथा आयमका दृष्टिले छोटो भएर पनि निकै प्रभावक हुन्छ । यसको प्रभावका कारण कथा पढुञ्जेल पाठक र लेखक यसको नियन्त्रणमा हुन्छन् ।

कथा शिक्षणबाट विद्यार्थीलाई मनोरञ्जन, कौतूहलता प्राप्त हुनका साथै कथा प्रस्तुतीकरणको ढाँचा, कथनशैली र भाषिक क्षमता वृद्धि गर्नमा सहयोग पुग्छ । कथा भनेको जीवन्त र रोचक घटनासँग सम्बन्धित आफैमा पूर्ण इतिवृत्त हो । कथाले विद्यार्थीको मानसिक सामाजिक र नैतिक विकासमा सकारात्मक प्रभाव पारेको हुन्छ । कथाले मानसिक/सिर्जनात्मक विकासमा सकारात्मक प्रभाव पारेको हुन्छ । मानिसका सुखदुख, हर्परोदन, जीवनका उकाली ओराली, अप्ठेरा सप्ठेरा सबै कुराहरू कथामा प्रस्तुत गरी रोमाञ्चक ढङ्गले प्रस्तुत गर्न सकिने भएकाले कथा विधाका माध्यमबाट भाषिक सीप सिकाउन महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कथामा प्रयोग हुने भाषा, सरल, बोधगम्य हुनका साथै उखानटुक्का र निपातको सुहाउँदो प्रयोग हुने हुँदा द्रुतपठनका लागि समेत यो उपयोगी हुन्छ । कथाका माध्यमबाट विद्यार्थीमा कल्पनाशक्ति र सिर्जना शक्ति

बढाउन सहयोग पुग्छ त्यसका साथै विद्यार्थीहरूको बोध क्षमताको विकास गराउन, शब्द भण्डारको वृद्धि गर्न, कल्पना शक्तिको विकास गर्न, तार्किक एवम् सिर्जनात्मक क्षमताको विकास गर्न, चरित्र निर्माणमा मद्दत गर्न, साहित्यप्रति अभिव्यक्ति वृद्धि गर्न, भाषा तत्तवको प्रयोगात्मक पक्षसँग परिचित हुन कथा विधाको महत्तवपूर्ण भूमिका रहेको हुन्छ ।

यसै आधारमा यस अध्ययनमा पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन शोधको विषयवस्तु बनाइएको छ । पाठ्यक्रमले निर्देश गरे अनुरूप कथा विधा छन् छैनन् र ती विद्यार्थीको रूचि, क्षमता, स्तर अनुरूप छन् की छैनन् भन्ने कुराको विश्लेषण गरी सरोकारवालाहरूलाई मार्गनिर्देशन गर्ने आशा गरी यो प्रतिवेदन तयार पारिएको हो ।

## १.२ समस्याको कथन

प्रस्तुत शोधपत्रमा 'हाम्रो नेपाली किताब' कक्षा ९ र १० मा समाविष्ट कथा विधा पाठ्यक्रमका आधारमा समानता र भिन्नतालाई यस अध्ययनमा समस्याको रूपमा ल्याइएको छ । प्रस्तुत शोधपत्रमा पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन गरिएको छ । विधागत विविधता अनुरूप भाषा शिक्षणका क्षेत्रमा विद्यार्थीहरूलाई सरिक गराउन मिल्ने गरी कथा विधाको सचेत व्यवस्था मिलाउनु पर्छ । उल्लिखित पाठ्यपुस्तकहरूमा पाठ्यक्रमको उद्देश्य अनुरूप कथाहरू छन् की छैनन् ? कथाहरु विद्यार्थीहरूको चाहना रुचि, क्षमता र स्तरअनुरुप छन् की छैनन् ? भाषिक सीप विकास गर्ने प्रवृत्तिका कथाहरु समावेश छन् की छैनन् ? कथाहरू पाठ्यक्रमका क्षेत्र र क्रमको आधारमा राखिएका छन् की छैनन् ?भन्ने अनुत्तरित प्रश्न रहेकाले यिनै प्रश्नलाई यस शोधकार्यको समस्याका रूपमा लिइएको छ ।

## १.३ शोधका उद्देश्य

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

१. कक्षा ९ र १० को नेपाली किताबमा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूप भए नभएको विश्लेषण गर्नु ।

२. कथा विधाका पाठहरूका भाषिक सीप-पक्षको विश्लेषण गर्नु ।

३. छनोटका आधारमा कथाको विश्लेषण गर्नु ।

४. पाठ्यपुस्तकमा समाविष्ट कथाहरूलाई पाठ्यक्रमका क्षेत्र र क्रमका आधारमा विश्लेषण गर्नु ।

५. कमी कमजोरी हटाउने उपायहरू सुझाउनु ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरू

प्रस्तुत शोधकार्य निम्न सामस्याहरूको केन्द्रियतामा अघि बढेको छ :

क) कक्षा ९ र १० को पाठ्यपुस्तकहरूमा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूपताका आधारमा के कस्ता समानता र भिन्नता छन् ?

ख) भाषिक सीपहरूको समानुपातिक विकासमा कथा विधाले के कति सहयोग पुर्‍याएका छन् ?

ग) विधाको प्रयोजन अनुसार कथाहरू उपयुक्त छन् या छैनन् ?

घ) पाठ्यक्रमले निर्धारण गरेका क्षेत्र र क्रमानुरूप छन् छैनन् ?

ङ) सुधारका लागि के कस्ता उपायहरू सुझाउन सकिन्छ ?

## १.५ अध्ययनको महत्त्व

हाम्रो देश नेपालको समग्र विकासक्रम सँगै शिक्षा क्षेत्रमा पनि विकास र परिवर्तनहरू हुँदै आएका छन् । शिक्षा क्षेत्रमा आएको परिवर्तनसँगै देशको आवश्यकता, सिकारूको इच्छा र चाहनालाई ख्याल गर्दै पाठ्यक्रम र पाठ्यपुस्तकहरू पनि परिवर्तन हुँदै गइरहेका छन् । राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को २०६९/०५/०८ को बैठकबाट स्विकृति प्राप्त भई नेपाल सरकारबाट मिति २०६९/०६/१० बाट कार्यन्वयनमा लैजाने निर्णय भए अनुसार यसलाई विद्यालय तहको कक्षा ६ बाट क्रमश : कार्यन्वयनमा ल्याएको छ (आधारभूत शिक्षा पाठ्यक्रम २०६९ पृ i) ।

यस अध्ययनले पाठ्यपुस्तकमा समावेश कथा मध्ये कुन चाहिँ पाठ्यक्रमको मर्म र भावना अनुरूप बढी उपयोगी, सान्दर्भिक र समसामायिक छ भन्ने तथ्य पत्ता लगाएको, विद्यार्थीको स्तर अनुरूप विधाको छनोट उपयुक्त छ छैन भन्ने कुरा पत्ता लगाएको र भाषिक सीप पक्षका दृष्टिले कथाहरू उपयुक्त छन् छैनन् पत्ता लगाउन सहयोग गरेको हुनाले विद्यार्थी, शिक्षक, पाठ्यक्रमविद, सरोकारवालालाई र भावी अनुसन्धानकर्तालाई यो अध्ययनले सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ । त्यसैले यो अध्ययन महत्त्वपूर्ण छ ।

## १.६ अध्ययनको परिसीमा

कुनै पनि अध्ययनलाई तथ्यपूर्ण र वस्तुगत बनाउन सीमाङ्कन गर्नु महत्त्वपूर्ण कार्य भएकाले यस अनुसन्धानमा निम्नानुसार सीमाङ्कन गरिएके छ :

क) प्रस्तुत अध्ययन नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले तयार पारेको कक्षा ९ र १० को नेपाली विषयको पाठ्यक्रममा आधारित रहेको छ ।

ख) प्रस्तुत अध्ययन कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा दिइएका कथामा मात्र सीमित गरिएको छ ।

ग) प्रस्तुत अध्ययन कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूमा मात्र सीमित रही उक्त कथाहरू पाठ्यक्रम अनुरूप माषिक सीप क्षेत्र र क्रम विद्यार्थीहरूको स्तर अनुरूप भए नभएको कुरामा सीमित गरिएको छ ।

## १.७ प्रयोग भएका पारिभाषिक तथा प्राविधिक शब्दहरू

यस शोध विधा अर्न्तगत प्रयोग भएका पारिभाषिक तथा प्राविधिक शब्दहरू निम्नानुसार छन् :

कलियुग - पुराणअनुसार चार युगमध्ये अन्तिम युग जुन भगवान् कृष्णको स्वर्गारोहण पछि आरम्भ भएको भन्ने कथन छ ।

धीर - जस्तो सुकै विपद्मा पनि एक समान रहने, सहनशील

निर्मूल - जरै समेत नष्ट पार्नु, पूरै विनाश गर्नु

निरोपण - विवेक पुऱ्याएर गरिने निर्णय वा निर्क्योल

पाजी - कसैलाई ज्यादै हेपेर भन्नुपर्दा प्रयोग गरिने शद, गधाको बच्चा

पुनर्मिलन - एकपल्ट बिछोड भइसकेकाहरूको फेरि भेट

प्रतापी - ठूलो शक्ति र सामर्थ्य भएको

प्रतिहिंसा - बदलाको भावनाबाट गरिने हिंसा

प्रस्ताव -   कुनै विषयका सम्बन्धमा प्रकट वा जाहेर गरिने आफ्नो मत वा राय

बजारको पुतली - सस्तोमा उपभोग गर्न सकिने वस्तु

बन्दरगाह - समुद्र किनारको पानी जहाज बिसौनी

बुइँगल -   परम्परागत घरको सबैभन्दा माथिल्लो तला, छानामुनिको तला

वेदी -   धार्मिक कार्यका लागि अग्लो वा सम्म पारेर बनाइएको स्थल धार्मिक मञ्च

स्वस्ति -   निहुरेर विशेष किसिमबाट विशिष्ट व्यक्तिहरूलाई गरिने एक परम्परागत शैलीको अभिवादन

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

मानिसको जीवनमा घटेका तीतामीठा घटना र मानिसले जीवनमा सँगालेका अनुभवहरूको सिलसिलाबद्ध आलेख नै कथा हो । परिवार र समाजमा रहँदा बस्दा जन्मदेखि मृत्यु नहुन्जेलसम्म मानिसको जीवन एउटा लामो कथाजस्तो बनेको हुन्छ । कथामा के  ती सम्पूर्ण घटना तथा अनुभवहरू समाविष्ट हुन्छन् ? अवश्यै हुँदैनन् वा हुन सक्तैनन् किनभने यसको सीमित आकारभित्र सीमित घटना र अनुभव मात्र सम्भव हुन सक्छ । त्यसैले भनिन्छ यसमा जीवनको केवल एक पक्षको चित्रण हुन्छ जुन आफैमा पूर्ण हुन्छ । यसको तात्पर्य के हो भने सीमित आकारबाटै यसैले मानवीय अनुभूतिलाई आकर्षक ढङ्गबाट प्रस्तुत गर्दछ । कलात्मक पूर्णताका लागि सीमित आकारभित्रै बसेर यसले प्रारम्भ, मध्य र अन्त्यको एउटा अनुशासन कायम राखी जुनसुकै पनि विषयलाई अङ्गीकार गर्न सक्छ । यसैका आधारमा आज यो विधा सामाजिक, मनोवैज्ञानिक, प्रगतिवादी तथा ऐतिहासिक, पौराणिक आदि विभिन्न प्रकारमा विस्तार भई अत्यन्त लोकप्रिय बनेको छ ।

कथामा कुनै पात्रसँग सम्बन्धित रमाइला घटना, सन्दर्भ आदिको वर्णनका साथै कुनै खास पात्रहरूको जीवनका उकाली ओरालीको चित्रण गरिको हुन्छ । मानिसका जीवनजगत्सँग कथा विधा प्रत्यक्ष रूपमा सम्बन्धित हुने भएकाले कथा विधा रोचक र लोकप्रिय मानिन्छ । कथा शिक्षणबाट भाषाका चारै सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइका अभ्यास गराउन सकिन्छ । यसबाट शब्द भण्डार र उखान-टुक्काको विकास गराउन सकिन्छ भने सारांश तथा पठनबोधको अभ्यासका लागि पनि यो विधा उपयोगी रहेको छ । बालबालिकाको सिर्जनात्मक विकास गर्न साहित्यक अभिव्यक्ति विकास गर्न साहित्यक अभिव्यक्ति बढाउन र चरित्र निर्माण गर्न पनि यस विधाले सहयोग गर्दछ ।

कथा आख्यान साहित्य अन्तर्गतको एक स्वतन्त्र साहित्यक विधा हो । यसका आफ्नै प्रकारका विधागत तत्त्वहरू छन् । विभिन्न तत्त्वहरूको संयोजनबाट कथाको निर्माण हुन्छ । कथाका ती तत्त्वहरू कहिले संयोजन भएर र कहिले कुनै तत्त्व बढी घटी भएर कथा बनेको हुन्छ । कथाका विभिन्न तत्वहरूमध्ये कुनै तत्त्व स्युलरूपमा प्रयोग भएको हुन्छ भने कुनै तत्त्व सूक्ष्म रूपमा मात्र प्रयोग भएको हुन्छ । कथामा मूर्त रूपमा देखिने तत्त्व स्युल तत्त्व हुन् भने मसिनो गरी विश्लेषण

गर्दा देखिने तत्त्व सूक्ष्म तत्त्व हुन् । कथाका स्थूल तत्त्वहरू कथानक, चरित्र र परिवेश हुन् भने सूक्ष्म तत्त्वहरू भाषा शैली, उद्देश्य, कथनपद्धति र दृष्टिविन्दु हुन् ।

आज हामी जुन विधालाई कथा भन्छौ अथवा जे-जस्तो विधालाई कथा भनेर सम्बोधन गर्छौं मूलत : यो उन्नाइसौं शताब्दीको देन हो । परन्तु कथाको इतिहासलाई यतिमा मात्र सीमित राख्न सकिन्न, यसलाई परपरसम्म तन्काउन सकिन्छ । मानवीय गतिविधि तथा श्रमकार्यको सन्दर्भमा प्राप्त अनुभूतिलाई भन्ने र सुन्ने प्रक्रिया र प्रवृत्तिसित कथाको इतिहासलाई जोड्न सकिन्छ । यस अर्थमा कथा मान्छेको इतिहास जत्तिकै पुरानो विधा हो । (बराल २०६५, पृ.१)

कथामा जीवनको कुनै एक मूल्यवान क्षण वा घटनालाई व्यक्त गरिन्छ । कथाले कुनै एउटा विशेष कार्य वा स्थितिको निरूपण, गर्दछ । कथामा पाठकको मन-मस्तिस्कलाई उक्त स्थितिको अनुभव वा घटनाको अखण्ड वा संश्लिष्ट प्रभाव उत्पन्न गर्न सक्ने एकै प्रसङ्गलाई नाटकीय ढङ्गले प्रस्तुत गरिन्छ । कथामा कथावस्तु र चरित्रका माध्यमबाट चित्रित गरेर त्यसको अनुभूत सौन्दर्यबाट पाठकको मनलाई स्पन्दित गराउने कार्य गर्दछ । त्यसैले आजका कथाले पाठकका मनमा जुन ढङ्गले संवेदना उत्पन्न गर्न सकेको छ त्यति साहित्यका अन्य विधाले सकेको छैनन् (पौड्याल २०६३, पृ.३) ।


लामिछाने र लामिछाने (२०६९), जनमानसमा अत्यन्त लोकप्रिय विधाका रूपमा रहेको कथाका बारेमा विभिन्न विद्वानहरूले आ-आफ्ना परिभाषा दिएका छन् ।ती मध्ये केही परिभाषाहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

- “कथा कुनै एक चरित्रको जीवनको कुनै एक मार्मिक प्रसङ्गको नाटकीय रूपमा गरिएको प्रस्तुतीकरण हो ।” -जे डब्लु - लिन
- “कथा घटनाहरूको त्यो ताप्तम्य हो जसले कुनै परिणाममा पुऱ्याउँदछ ।” -फास्टर
- “सत्य घटनामा आधारित आख्यात नै कथा हो ।” -भामह


समयको प्रवाहसँगै अविश्रान्त पाइला चाल्ने कथाले आजको समयावधिमा आइपुग्दा आफ्नो स्वरूपलाई युग सुहाउँदो पारामा अभिव्यक्ति गरेको छ । त्यसैले हिजोको कथा सम्बन्धी मान्यता र धारणाले आजको सन्दर्भलाई नसमेट्ने प्रष्टै छ । नाटक र महाकाव्य जस्तो शास्त्रीय विधा नभएकोले कथाको उडान स्वच्छन्दउन्मुख रहेको हुन्छ । यसै सन्दर्भमा कथाको वर्गीकरण तथा प्रकारलाई कुनै निश्चित आधारमा स्पष्ट देखाउन सक्ने स्थिति वर्तमान युगमा नभएतापनि मोटामोटी रूपमा

आधुनिक समीक्षा शास्त्रअनुसार कथालाई निम्न उपभेदमा देखाउने जमर्को गरिएको छ (बराल, २०६५) ।


अ) संगठनको आधारमा





आ) विषयको आधारमा





इ) उपकरणका आधारमा





ई) प्रभावको आधारमा





उ) धाराका आधारमा





ऊ) प्रकारका आधारमा





ए) दृष्टिविन्दुका आधारमा





ऐ) आकारका आधारमा




ओ) प्रयोगका आधारमा




औ) स्रोतका आधारमा



अधिकारी र शर्मा (२०५७) द्वारा लिखित *'नेपाली भाषा शिक्षण'* नामक पुस्तकमा कथा शिक्षणको औचित्य भाषा तत्वको विकासमा कथाको उपयोगिता बारे चर्चा गरिएको छ । सो पुस्तकमा विद्यालय तहमा राखिएका लोक कथा, आधुनिक कथा, घटनाहरू परिवर्तन गरेर त्यसै किसिमका अर्को कथा बनाई वा त्यही कथा अर्को प्रसँगमा लिखित रूपमा प्रस्तुत गरेर शिक्षार्थीलाई प्रोत्साहन गरी सिर्जनात्मकता तर्फ प्रेरित गर्न सकिन्छ भन्ने धारणा प्रस्तुत गरेको पाइन्छ । त्यसैले पनि कथा शिक्षणको महत्व स्पष्ट हुन्छन् ।

शर्मा र पौडेल (२०६०), द्वारा लेखिएको 'नेपाली भाषा र साहित्य शिक्षण' नामक पुस्तकमा भाषा शिक्षणका प्रमुख पद्धतिहरू तथा विधिहरूको चर्चा गर्नुका साथै साहित्यिक विविध विधाहरूको शिक्षण गर्नुको उद्देश्य वा प्रयोजन, शिक्षण विधिहरू, क्रियाकलाप (शिक्षणको क्रम) उल्लेख गर्ने क्रममा कथा शिक्षणको पनि चर्चा गरिएको छ । उक्त पुस्तक कथा शिक्षणको प्रयोजनका साथै कथा शिक्षण गर्दा व्याख्यान विधि, छलफल तथा प्रश्नोत्तर विधि, तुलना विधि, समीक्षा विधि, प्रतिवेदन प्रस्तुति विधि, पठनबोध विधि र लेख प्रस्तुतीकरण विधिको प्रयोग गरी कथालाई प्रास्तवना, कथा कथन, कठिन शब्दको निराकरण, प्रश्नोत्तर, व्याख्या तथा विश्लेषण र विशिष्ट पङ्क्तिहरूको व्याख्याको क्रममा कथा शिक्षण गर्दा उपयुक्त हुने कुरा उल्लेख गरिएको छ ।

वर्तमानमा यसको व्यापकता तथा लोकप्रियतालाई हेर्दा साहित्यमा यसको महत्वपूर्ण स्थान रहेको तथ्यलाई अस्वीकार गर्न सकिँदैन । वास्तवमा कथा भनेको निश्चित आयम तथा संरचना र मूल्य भएको गद्यात्मक अभिव्यक्ति हो ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

अध्ययनबाट आफूले गर्न खोजेको कार्यलाई प्रभावकारी बनाउन सहयोग पुग्दछ । कथा विधा सम्बन्धी विभिन्न शोधकर्ताहरूले विभिन्न पाठ्यपुस्तक र पाठ्यक्रममा आधारित भएर शोधपत्र लेखन कार्य गरेका छन् । यस भन्दा अगाडिका विभिन्न शोधकर्ताहरूले कथा विधाका बारेमा गरेका कार्यहरूको समीक्षालाई तल प्रस्तुत गरिएको छ ।

अर्याल (२०५५) द्वारा *'कक्षा ५ को मेरो नेपाली किताबमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन'*शीर्षकमा शोधकार्य गरिएको छ । प्रस्तुत शोधमा सम्भावित कथाहरूको पाठ्यक्रमसँगको सापेक्षता, भाषिक उपलब्धि, विद्यार्थीहरूकोरूचि, क्षमता अनुसार कथाको छनौट गरिएको छ छैन ? भन्ने उद्देश्य राखिएको छ । यस उद्देश्यलाई पूर्णता प्रदान गर्नका लागि अन्तर्वार्ता, प्रश्नावली, पुस्तकालयको उपयोगगरि विश्लेषणात्मक र वर्णानात्मक विधिको प्रयोग गरिएको छ । यस उद्देश्यमा

केन्द्रित भएर व्याख्या विश्लेषण गर्ने क्रममा विद्यार्थीको उमेर, क्षमता, रूचिमा कम ध्यान दिएको, पाठ्यक्रमसँग पूर्ण रूपमा सोपेक्षित नभएको निष्कर्ष निकालिएको छ ।

अधिकारी (२०५५) द्वारा *'कक्षा ६ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन'* शीर्षकमा शोधकार्य गरिएको छ । प्रस्तुत शोधमा पाठहरूको पाठ्यक्रम अनुरूपताको अध्ययन गर्नु, सम्बन्धित पाठहरूको विश्लेषण गर्नु र पाठको अन्त्यमा दिइएका अभ्यासहरूको विश्लेषण गर्नु जस्ता उद्देश्यहरूराखिएकाछन् । उक्त उद्देश्य पुरा गर्न अध्ययनका सीमाहरूमा कथा विश्लेषणका सैद्धान्तिक आधारहरू पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूका प्रकृति र संरचनाको विश्लेषण कथाहरूमा प्रयुक्त भाषिक पक्षको विश्लेषण छनोट र स्तरणका आधारमा कथाहरूको विश्लेषण कथामा प्रयुक्त नमुना अभ्यासको विश्लेषण भनी सीमित गरिएको छ । पुस्तकालयीय विधिमा आधारित प्रस्तुत शोधकार्यमा पाठ्यक्रममा वर्गीकरण गरिएअनुसार पाठको चयन नभएको, संरचनात्मक दृष्टिले केही कथाहरू कमजोर रहेका, वाक्य संख्या र लम्बाइका दृष्टिले केही कथा जटिल देखिएका र उपयुक्त किसिमका कथाहरूको छनोट हुन नसकेका जस्ता निष्कर्षहरू निकालिएको पाइन्छ । त्यस्तै सुझावहरूमा पाठ्यपुस्तकका आधारमा समयको मिलान गर्नुपर्ने, कथामा संरचना पक्षलाई ख्याल गर्नुपर्ने, पाठ्यक्रममा वर्गीकरण गरिएअनुसार पाठको चयन हुनुपर्ने व्याकरणलाई भाषिक सीपसँगै सम्बद्ध गराउनु पर्ने पाठ्यवस्तुको छनोट र स्तरणमा विद्यार्थीको रूचि, इच्छा र आवश्यकतालाई ख्याल गर्नुपर्ने जस्ता सुझावहरू दिइएको पाइन्छ ।

पौडेल (२०६०) द्वारा *'कक्षा आठमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन'* शीर्षकको शोधपत्र तयार गरिएको छ । कक्षा आठमा कथा शिक्षण गर्दा शिक्षकले प्रयोग गर्ने शैक्षणिक विधिहरूको सर्वेक्षण गर्नु, अनुदान प्राप्त र निजी तथा आवासीय विद्यालयमा कथा शिक्षण गर्दा प्रयोग हुने विधिहरूको तुलनात्मक अध्ययन गर्नु, तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले अपनाएका विधिहरूको तुलनात्मक अध्ययन गर्नु र ग्रामीण तथा सहरीया विद्यालयका शिक्षकहरूले अपनाउने शिक्षण विधिहरूबीच तुलनात्मक अध्ययन गर्नु,जस्ता उद्देश्यहरू उल्लेख गरिएका छन् । उद्देश्यहरू सर्वेक्षण विधिमा केन्द्रित रही काठमाडौं जिल्लाका अनुदान प्राप्त र निजी तथा आवसीय विद्यालयमा नेपाली शिक्षण गर्न १२ जना प्रतिनिधि शिक्षकहरूको कक्षा अवलोकन फारम तथा प्रश्नावली जस्ता सामग्रीका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

पाँच परिच्छेदमा तयार पारिएको उक्त शोधपत्रमा निजी विद्यालयभन्दा अनुदान प्राप्त विद्यालयका शिक्षकहरूले शैक्षणिक योजना बनाउने गरेको भएपनि शैक्षणिक कार्यकलापमा निजी विद्यालय अगाडि रहेको, शैक्षणिक योजना निर्माण र शैक्षिक सामग्रीको प्रयोगमा तालिम अप्राप्त शिक्षकभन्दा तालिम प्राप्त शिक्षकले बढी प्रयास गरेको ग्रामीण र सहरी दुवै क्षेत्रका शिक्षकहरूले कथा शिक्षणमा अपनाउनुपर्ने सम्पूर्ण क्रियाकलाप नगरेको निष्कर्ष पाइन्छ । तर उक्त शोधपत्रले पाठ्यक्रमको उद्देश्य अनुरूप, कथा विधा शिक्षणको प्रयोजन अनुरूप शिक्षण विधिहरू उपयुक्त भए नभएको, कसरी र कुन क्रममा कथा शिक्षण गर्दा स्तर अनुकुल, प्रभावकारी हुन्छ भन्ने कुरामा जोड दिएको पाइदैन ।

खत्री (२०६१) ले *कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन* यस शोधमा कक्षा ८ को नेपाली किताबमा समाविष्ट कथाहरूको पाठ्यक्रम उद्देश्य अनुरूपताको पहिचान गर्ने उक्त पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विभिन्न आधारमा विश्लेषण गर्ने, र उक्त पाठ्यपुस्तकमा समावेश गरिएका कथाका पाठहरूमा दिइएका नमुना अभ्यासहरूको विधा अनुरूपताको पहिचान गर्ने जस्ता उद्देश्य राखी अध्ययन गरिएको छ । उपयुक्त शोधार्थीबाट राखिएको अध्ययनले पाठ्यक्रम मुताविक पाठ्यपुस्तकमा कथाहरूको चयन नभएको, संरचनात्मक कमजोरी रहेको, कथाको छनोटमा सावधानी नअपनाइएको ठहर गर्दा पाठ्यक्रमको उद्देश्य पूरा गर्न कथाहरूको छनोट हुनुपर्ने, कथामा संरचना पक्षलाई ख्याल गर्नुपर्ने, छनोट र स्तरणमा ध्यान दिनुपर्ने जस्ता सुझावहरू दिइएको छ ।

भट्टराई (२०६१) द्वारा लिखित *'कक्षा सातको नयाँ पाठ्यक्रम अनुसारका नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणत्मक अध्ययन'* शीर्षक शोधपत्रमा नि.मा.वि. तहको अनिवार्य नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको पाठ्यक्रम अनुरूपता पहिल्याउनु ती कथाहरूको संरचना तथा भाषिक पक्षको विश्लेषण गर्ने, भाषा शिक्षणका दृष्टिले उक्त कथाहरूको प्रयोजन केलाउने उद्देश्य अनुसार अभ्यासको विश्लेषण गर्ने छनौट र स्तरणका आधारमा कथाको समीक्षा गर्ने उद्देश्य राखी अध्ययन गरेको देखिन्छ । यी उद्देश्यहरू पूरा गर्न प्रश्नावली अन्तर्वार्ता, वर्णानात्मक, विश्लेषणात्मक विधिको प्रयोग गरिएको पाइन्छ । त्यस विषयमा व्याख्या विश्लेषण गर्दा कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूप भएको संरचना र भाषिक पक्षको दृष्टिले उपयुक्त, भाषिक सीपका दृष्टिले अभ्यासहरू समावेश नगरिएका ती अभ्यासहरू प्रत्येक कथामा फरकपन रहेको निस्कर्ष निकालिएको छ ।

खत्री (२०६२) द्वारा *'कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन'* नामक शोधपत्रमा कक्षा आठमा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूप भए नभएको पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विभिन्न आधारमा विश्लेषण, कथाको पाठमा दिइएका नमूना अभ्यासको पहिचान उद्देश्यको रूपमा राखिएको छ । यस शोधपत्रका लागि अन्तर्वार्ता, पुस्तकालय, विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस शोधपत्रको उद्देश्यमा केन्द्रित भएर व्याख्या, विश्लेषण गर्दा कक्षा ८ को पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूप कथाहरूको पाठ चयन नगरिएको, कथामा आवश्यक उखान टुक्काको प्रयोग नगरिएको, शिक्षणका दृष्टिले उपयुक्त भएको र नमूना अभ्यासमा रहेका व्याकरण खण्ड कथाका पाठ अनुरूप नभएको निष्कर्ष निकालिएको छ ।

आचार्य (२०६३) द्वारा *लिखित 'कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको कथाहरूको पाठ्यक्रम अनुरूपताको अध्ययन'* नामक शोधपत्र तयार गरिएको छ । कथाहरूको पाठ्यक्रमको उद्देश्यसँग तालमेल भए नभएको पाठ्यक्रमको उद्देश्यसँग तालमेल भए नभएको, पाठ्यक्रममा क्षेत्र र क्रमका आधारमा समीक्षा, पाठ्यक्रमका उद्देश्यका दृष्टिले कथाका पाठहरूमा राखिएको छ ।

यस शोधपत्रका लागि अवलोकन, अन्तर्वार्ता, विश्लेषणात्मक, तुलनात्मक र पुस्तकालय विधिहरूको प्रयोग गरिएको छ । यस शोधपत्रको उद्देश्य माथि व्याख्या विश्लेषण गर्ने क्रममा पाठ्यक्रमको उद्देश्य अनुरूप विधा र पाठहरू चयन नभएको पाठ्यक्रमको लोक कथा, नीति कथा, पौराणिक कथा, ऐतिहासिक कथा र आधुनिक कथा समावेश गर्ने निर्देशन भए पनि ऐतिहासिक र आधुनिक कथा राखिएको छैन । पाठ्यक्रममा उद्देश्यका दृष्टिले कथाका पाठहरूमा दिइएका नमूना अभ्यास उपयुक्त नै नभएको निस्कर्ष निकालिएको छ ।

निरौला (२०६८) द्वारा तयार पारिएको *'कक्षा ६ र ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलनात्मक अध्ययन'* नामक शोधपत्रमा कथा विधामा केन्द्रित भएर कक्षा छ र सातको नेपालको पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलना गर्नु, भाषा शिक्षणका दृष्टिले निर्धारित कथाको प्रयोजन पत्ता लगाउनु, छनौट र स्तरणका आधारमा तुलना गर्नु कथाको संरचना र भाषिक पक्षको विश्लेषण गर्नु जस्ता उद्देश्य राखिएको छ । यि उद्देश्य पुरा गर्नका लागि पुस्तकाललीय, तुलनात्मक प्रश्नावली विधिको प्रयोग गरिएको छ । यी उद्देश्यहरूको व्याख्या विश्लेषण गरी कक्षा ६

र ७ को हाम्रो नेपाली किताबमा राखिएका कथाहरू पाठ्यक्रम अनुरूप पूर्ण रूपमा चयन नगरिएको भाषा शिक्षणका दृष्टिले उपयुक्त भएको निस्कर्ष निकालिएको छ ।

राई (२०७०) द्वारा *'पाठ्यक्रम अनुरूपताको दृष्टिले कक्षा ८ को हाम्रो नेपाली पाठ्यपुस्तकको समाविष्ट कथा विधाको अध्ययन'* नामक शोधपत्रमा कथा विधासँग सम्बन्धित कक्षा ७ को नेपाली कितावमा राखिएका कथाहरू पठ्यक्रम अनुरूप भए नभएको भाषिक विकास गर्ने प्रकृतिका कथाहरू समावेश गरे नगरेको, विद्यार्थीहरूको रूचि, क्षमता र स्तर अनुसारका कथाहरू समावेश भए नभएको पाठ्यक्रमका क्षेत्र र क्रमका आधारमा कथाहरू राखिएका छन् की छैनन् भन्ने उद्देश्य रहेको छ । यस शोधपत्र लेखनका लागि पुस्तकालय विधि, विश्लेषणात्मक विधिको प्रयोग गरी कथाहरू विद्यार्थीको स्तर तह उमेर अनुसार लोक कथा खरानीको डोरी, नैतिक कथा मास्टरकी आमा, आधुनिक कथाका रूपमा मानिसलार्य कति जमिन चाहिन्छ र बुहारीको खोजी शीर्षक अनुरूपका कथाहरू रहेको र पौराणिक कथाको रूपमा रहेको कदर्य शीर्षक कथा र आधुनिक कथाका रूपमा रहेको मानिसलाई कति जमिन चाहिन्छ, शीर्षक दुई कथा विद्यार्थीहरूको क्षमता र तह भन्दा केही जटिल रहेको र यी बाहेक अन्य चार कथाहरू कक्षा ७ का विद्यार्थीको लागि उपयुक्त नै रहेको निस्कर्ष निकालिएको छ ।


## २.३साहित्यको पुनरवलोकनको उपादेयता

कुनै पनि अध्ययन गर्नुभन्दा पहिले त्यस अध्ययनसँग सम्बन्धित र सहयोगी हुने किसिमका पूर्व कार्यहरूको समीक्षा गर्नु आवश्यक हुन्छ । आफूले अध्ययन गर्न लागेको विषयसँग सम्बन्धित सामग्रीको समीक्षा गर्दा आफ्नो अध्ययनलाई सरल रूपमा अघि बढाउन त्यससँग सम्बन्धित विषय शीर्षकहरूमा भएका शोध अध्ययन विश्लेषण गर्नाले आफुले तयार गर्न लागेको शीर्षक र पूर्व तयार पारिएका शोध शीर्षकहरू दोहोरिन पाउँदैनन जसले गर्दा शीर्षक छनोट गर्ने कार्यमा नै त्यो उपयोगी छ ।

शोध कार्य सम्पन्न गर्न पुनरवलोकनले शोधकार्यलाई व्यवस्थित बनाउन सहयोग पुऱ्याएको छ ।शोध कार्यलाई अगाडि बढाउने र सरल तरिकाले सम्पन्न गर्न सहयोग पुऱ्याएको छ,शोधको विषय छनोट गर्न सहयोग पुऱ्याएको छ, शोध छुटाउन नहुने विषयवस्तु प्रति सजकरहन सहयोग पुऱ्याएको छ ।

## २.४ अवधारणात्मक ढाँचा

प्रस्तुत शोधकार्यको अवधारणात्मक ढाँचा निम्नानुसार रहेको छ :



# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अध्ययन विधि

निश्चित विधिको आधारमा मात्र अनुसन्धानलाई पूर्ण बनाउन सकिन्छ । अनुसन्धानमा विभिन्न चरणहरू रहेका हुन्छन् । तथ्याङ्क सङ्कलन, तथ्याङ्क विश्लेषण, नमुना छनोट प्रक्रियाद्वारा अनुसन्धानलाई सफल बनाउन सकिन्छ । यसमा प्रमुख रूपमा पुस्तकालयीय अध्ययनलाई जोड दिइएको छ । पाठ्यक्रम अनुरूपताको दृष्टिले कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको पक्षहरूको टिपोट उठाइ वर्णनात्मक पद्धतिमा आधारित भई तथ्यहरूलाई विश्लेषण गरिएको छ । शोधकर्ताले अध्ययनको क्रममा देखिएका अवस्था, प्रक्रिया समस्याको व्याख्या विश्लेषण गर्नलाई वर्णानात्मक ढाँचामा रहेर शोध सम्पन्न गरिएको छ । वर्णनात्मक ढाँचामा आधारित भएकाले यस प्रकारको प्रक्रिया अपनाइएको छ : समस्या पहिचान, उद्देश्य निर्धारण, नमुना छनोट र तथ्याङक सङ्कलन तथा विश्लेषण । यी कार्यहरू पूरा गर्न वर्णन, व्याख्या, विश्लेषण प्रक्रियाद्वारा प्रतिवेदनको ढाँचामा पुगिएको छ ।

## ३.२ जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति

अनुसन्धान कार्यमा नमुना छनौटको विशेष महत्व रहेको हुन्छ । सबै अनुसन्धान कार्यमा एकै किसिमको नमुना छनोट प्रक्रियालाई अपनाउन सकिँदैन । अनुसन्धानकर्ताले शीर्षक अनुरूप नमुना छनोट गर्दा यस शोधमा कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका किथा विधा अन्तर्गतका ६ वटा कथाहरूलाई पुस्तकालयीय विधिमा आधारित भई विश्लेषण गरिएको छ ।

## ३.३ अध्ययनको क्षेत्र

यस शोधमा पाठ्यपुस्तक विश्लेषण विधाअन्तर्गत रहेर अनुसन्धान कार्य गरिएको छ । पाठ्यपुस्तक भित्र पर्ने कथा विधालाई विषयवस्तु बनाएर अनुसन्धान गरिएको छ । कथा विधालाई विद्यार्थीको स्तर, क्षमता, चाहाना र रूचिआदि विषयवस्तुको क्षेत्रका आधारमा विश्लेषण गरिएको छ । यसमा कक्षा ९ र १० को नेपाली किताबमा रहेका ६ ओटा कथाहरूको मात्र पाठ्यक्रम अनुरूपताको आधारमा विश्लेषण गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

यस शोधकार्य सामग्री सङ्कलनका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। शोधकर्ताले आफ्नो शीर्षक सम्बन्धी विभिन्न पुस्तकहरू, शोध प्रतिवेदनहरू पुस्तकालयमा अध्ययन गरी शोध शीर्षकलाई निष्कर्षमा पुऱ्याइएको छ। यस शोधकार्यका लागि कक्षा ९ र १० को नेपाली पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको अध्ययन, विश्लेषण गरी सामग्री सङ्कलन गरिएको छ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययनमा अनुसन्धानीय समस्यामा केन्द्रित भई तथ्याङ्क सङ्कलनको लागि शोधसँग सम्बन्धित विभिन्न लेखकहरू, पुस्तकहरू पुस्तकालयीय अध्ययन अनुसन्धान विधिद्वारातथ्याङ्क संकलन गरिएको छ।

## ३.६ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया

कुनै पनि विषय माथि अनुसन्धान कार्य गर्नका लागि सामग्रीहरूको सङ्कलन पश्चात् तथ्याङ्कको व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्नु पर्ने हुन्छ। यस शोधमा वर्णनात्मक विधि, विवेचनात्मक विधि र विश्लेषणात्मक विधिको माध्यमबाट अध्ययन गरिएको छ।

# परिच्छेद चार : व्याख्या तथा विश्लेषण

## ४.१ परिचय

माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ शैक्षिक सत्र २०६५ वैशाखदेखि लागू हुने गरी स्वीकृत भएको हो । यस पाठ्यक्रमले मुख्य रूपमा ६ ओटा विषयलाई अनिवार्य विषय बनाएकोमा यी विषयमध्ये नेपाली भाषा एक प्रमुख विषय हो । विद्यालय तहको पठनपाठनमा नेपाली भाषा शिक्षणले महत्त्वपूर्ण स्थान ओगटेको छ । राष्ट्र भाषा, साझा भाषा, शिक्षकको माध्यम भाषा एवं सम्पर्क भाषाका रूपमा रहेको हुँदा यसको प्रभावकारी शिक्षण आवश्यक पर्दछ । वास्तवमा विद्यालय तहमा नेपाली भाषाको शिक्षण गर्नु, भाषिक दक्षता अभिवृद्धि गर्नुका साथै अन्य विषयहको पठनपाठनको माध्यमलाई सहयोग गरी बोधपक्ष र अभिव्यक्तिको विकास गर्नु हो ।

माध्यमिक तहमा नेपाली विषयलाई ५ पाठ्यभार र १०० पूर्णाङ्क कायम गरिएको छ । अनिवार्य नेपालीका रूपमा यस विषयको अध्ययन अध्यापनको खास उद्देश्य साहित्यको अध्ययन नभई भाषाको अध्ययन गर्नु हो । त्यसैले नेपाली साहित्यका विभिन्न विधाका रचनाहरूका माध्यमबाट भाषिक सीप र सिर्जनात्मक क्षमताको विकास गर्नु नै नेपाली विषय अध्ययनको मुख्य उद्देश्य हो । त्यस अनुरूप यस विषयको पाठ्यक्रममा समय सापेक्ष विषयवस्तु व्याकरण र सिर्जनात्मक सीप अभिवृद्धि गर्न सक्ने विषयहरू समेटिएका छन् । वास्तवमा यस पाठ्यक्रमले विद्यार्थीलाई समयसापेक्ष नवीन धारणाको ज्ञान गराउँदै भाषिक दक्षतामा कुशलता ल्याउने उद्देश्य राखी त्यसअनुसार पाठ्यविषय चयन गरेर पाठ्यपुस्तक तयार पारी विद्यार्थीमा विकसित हुनुपर्ने भाषिक दक्षताको पूर्वाभ्यास गराई नेपाली भाषा शुद्धसँग बोल्न र लेख्नु सक्ने बनाउने लक्ष्य राखेको पाइन्छ । (माध्यमिक शिक्षा पाठ्यक्रम भाग १, २०६४)

नेपाली भाषा राष्ट्रभाषा, मातृभाषा एवं सम्पर्क भाषा भएकाले यसको अध्ययन महत्त्वपूर्ण छ । अनिवार्य नेपालीको मूल प्रयोजन भनेको साहित्यका माध्यमबाट भाषिक दक्षता अभिवृद्धि गराउनु र आधारभूत व्याकरण सिकाउनु हो । यसका लागि अनिवार्य नेपालीको पाठ्यक्रमलाई समयसापेक्ष एवं व्यावहारिक बनाउन यसमा स्तरयुक्त र उपयुक्त विषयवस्तुको चयन गरी उद्देश्यलाई सीपमूलक बनाइएको पाइन्छ । वर्तमान पाठ्यक्रममा विधाको क्षेत्र र क्रमलाई स्पष्ट पारी भाषातत्व र शब्द भण्डार समेतलाई समेटिएको छ । त्यस्तै यस पाठ्यक्रममा शिक्षण मुल्याङ्कन अङ्कभार स्पष्ट रूपमा तोकिएको छ ।

विशेष सिकाइ आवश्यकता भएका र अपाङ्गता भएका विद्यार्थीको लागि उपयुक्त मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्ने कुरा पाठ्यक्रममा उल्लेख भएको छ । माध्यमिक तहमा साप्ताहिक ३९ घन्टी ( २९.२५ घण्टा) र वार्षिक ३२ हप्ता (९५.७ घण्टा) पठनपाठन हुने छ । यस तहका लागि ४५ मिनेटको एक घन्टी हुने छ र वार्षिक २२० दिन विद्यालय खुल्ने छ । यस पाठ्यक्रममा पठनपाठनका लागि वार्षिक ९५२ घण्टा र मूल्याङ्कनका लागि १०४ घण्टा गरी जम्मा १०५७ घण्टा पाठ्यभार निर्धारण गरिएको । कुरा पाठ्यक्रममा उल्लेख गरिएको छ (ऐ) ।पाठ्यक्रमले पाठ्यपुस्तकलाई सुदृढ तुल्याउन निम्नलिखित बुँदाहरूमा जोड दिएको छ :

- पाठ्यक्रमलाई समयसापेक्ष, उपयोगी एवम् व्यवहारमूलक बनाउने प्रयास गरिएको छ ।
- उद्देश्यहरूलाई सिपगत ढाँचामा निर्धारण गरिएको छ ।
- उपयुक्त पाठ्यवस्तु छनोट एवम् स्तरणमा ख्याल राखिएको छ ।
- विधाको क्षेत्र र क्रम स्पष्ट पारिएको छ ।
- विशिष्ट उद्देश्यलाई सिप र विधासँग एकीकृत गरी विस्तृतीकरण गरिएको छ । आदि कुरा पाठ्यक्रम उल्लेख गरिएको छ ।
- निम्नमाध्यमिक तह पूरा गरी आउने विद्यार्थीलाई दृष्टिगत गर्ने उच्च शिक्षा प्रवेशको पूर्वाधार निर्माण गर्ने खालका पाठ्यवस्तुको समेत चयन गरिएको छ ।
- भाषा पूरकहरूपमा भाषातत्त्व/व्याकरणलाई समावेश गरिएको छ ।
- शिक्षण प्रक्रियाको निर्देशन दिइएको छ ।
- भाषिक व्यवहार र क्षमता अभिवृद्धि गर्न स्वतन्त्र रचना, शब्दभण्डारजस्ता विषयवस्तु राखिएको छ ।
- भाषाको मूल्याङ्कन प्रभावकारी हुन सकोस् भन्ने दृष्टिकोणले मूल्याङ्कन अङ्कभारको निर्देशन दिइएको छ ।

त्यस्तैगरी माध्यमिक शिक्षा पाठ्यक्रमले तहगत उद्देश्यमा राष्ट्रिय परम्परा, संस्कृति सामाजिक सम्पदा, लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने, दक्ष र स्वास्थ्य नागरिकको उत्पादन गर्नु माध्यमिक शिक्षाको उद्देश्य हो । यस तहको मुख्य उद्देश्य देशको सर्वाङ्गीण विकासका लागि क्षमताअनुरूप ठोस योगदान दिन सक्ने सीपयुक्त जनशक्ति उत्पादन गर्नु र विश्वविद्यालय शिक्षाका लागि आवश्यक ज्ञान, सीप प्रदान गरी सचेत नागरिक तयार पार्नु रहेको छ । (ऐ.)

माध्यमिक शिक्षा पाठ्यक्रम (२०६४) अनुसार शिक्षाका उद्देश्यहरु निम्नानुसार रहेका छन् :

१. देशको बहुसांस्कृतिक र लोकतान्त्रिक मूल्यमान्यताप्रति गर्व गर्दै सकारात्मक धारणाको विकास गर्ने;

२. राष्ट्र विकासका लागि सक्षम, आत्मनिर्भर, सीपमूलक र तालिमप्राप्त मानव स्रोत उत्पादन गर्ने;

३ इमानदारी, आत्मनिर्भरता, रचनात्मकता, परिश्रमीपन, सहयोगीपन, समूहमा काम गर्ने बानी, जवाफदेहिता, आत्मविश्वास जस्ता गुणको विकास गर्ने;

४. दैनिक क्रियाकलाप र सामाीजक जीवनमा सक्रिय सहभागिताका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपको विकास गर्ने;

५. दैनिक जीवनमा आइपर्ने समस्या समाधानका लागि उपयुक्त ज्ञान तथा सीपको विकास गर्ने;

६. राष्ट्रिय विकासका लागि राष्ट्रिय  एकता, सौहार्द र शान्ति कायम गर्न जातीय र सांस्कृति विविधताको महत्व बोध गराउन राष्ट्रिय इतिहास, संस्कृति, भूगोल, अर्थशास्त्र र वातावरणसँग परिचित गराउने;

७. प्राविधिक र व्यावसायिक सीप विकास गर्नु र श्रमप्रति सम्मान गर्न सिकाउने;

८. आत्मनिर्भर हुन जीवन निर्माशका लागि आयआर्जन गर्न सक्ने क्षमत ा र सामान्य व्यावसायिक सीपको विकास गर्ने;

९. मानवअधिकार, सामाजिक न्याय, लोकतन्त्रको मर्म र भावना बुझी सोअनुसार अभ्यास गर्ने;

१०. लिङ्ग, अपाङ्गता, सामाजिक, आर्थिक, भौगोलिक, जातजाति, छुवाछुत जस्ता सामाजिक कुरीतिहरूप्रति सचेत रही समावेशी समाज निर्माणमा सक्रिय रहने;

११. रचनात्मक ज्ञान र सीपको विकास गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय चुनौतीहरूको सामना गर्न स्वतन्त्रता, समालोचनात्मक सोचाइ र विश्लेषणात्मक सीपको विकास गर्ने;

१२. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता आर्जन गर्ने ।

## ४.१.१ पाठ्यक्रम अनुरूपताको आधारमा कथाहरूको अध्ययन

कक्षा ९ र १० को नेपाली किताबमा जम्मा ६ वटा कथाहरू समावेश गरिएका छन् । पाठ्यपुस्तकमा कथाहरूको सिर्जना पाठ्यक्रमको दृष्टिले गरेको पाइन्छ । माध्यमिक तहमालोक कथा, ऐतिहासिक कथा बालमनोवैज्ञानिक कथा, सामाजिक कथा, पौराणिक कथा र मनोवैज्ञानिक कथा गरी ६ वटा कथा समावेश भएको पाइन्छ ।

कथा शिक्षणको मुख्य उद्देश्य विद्यार्थीहरुमा कथनात्मक अभिव्यक्ति सिपको विकास गर्नु हो । कथनात्मक अभिव्यक्ति भन्नाले मौखिक तथा लिखित कथनलाई लिइन्छ । वस्तुत : कथाशिक्षणका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चारै सीपको अभ्यास गराउनुपर्छ । यस क्रममा कथाश्रवण (श्रुतिबोधात्मक दृष्टिले समेत), कथाकथन, कथा निर्माण आदि क्रियाकलाप गराउन सकिन्छ । साथै कथाका माध्यमबाट सस्वर तथा मौनपठन, पठनबोध, मौखिक तथा लिखित रूपमा प्रश्नोत्तर, बुँदाटिपोट, व्याख्या, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुतिलेखन जस्ता कार्यकलाप गराउन सकिन्छ ।

माध्यमिक तहमा मा समावेश गरिएका कथाहरूलाई निम्न प्रयोजनका आधारमा विश्लेषण गरिएको छ ।

## ४.१.२ लोक कथा

लोक कथा शब्द लोक + कथा मिलेर बनेको हो । यसको व्युत्पतिगत अर्थ लोक जीवनमा चलिआएको कथा बुझिन्छ । लोक भनेको जनसमुदाय हो र लोकमा परापूर्वकालदेखि चल्दै आएको कथा नै लोक कथा हो । लोक शब्दले जनसाधारणको निकट रहेर उनीहरूका भावनाको प्रतिबिम्बत गर्दछ भन्ने कुरा बुझाउँछ ।

लोक शब्दले व्यापकता ओगटेको हुन्छ । त्यसैगरी लोकजीवनमा भिजेका र अति नै प्राचीन कालदेखि प्रयोगमा ल्याइएका कथाहरू नै वास्तवमा लोककथाहरू हुन् । यस्ता लोककथाहरू कसैका निजी सम्पति नभएर जनताको भावना व्यक्त गरिएका रचना हुन् भन्न सकिन्छ ।

लोककथा भन्नाले लोकजीवनमा चलिआएका कथा हुन् भन्ने बुझिन्छ । लोकजीवनका विविध पक्षलाई समेटेर परापूर्वकालदेखि समाजमा फस्टाउँदै, मौलाउँदै र झ्याँगिदै आएको कथालाई लोककथा भनिन्छ । वास्तवमा लेकशब्दले जनसमुदायको अर्थबोध गराउने गर्दछ । लोक शब्दको

प्रयोग धेरै अगाडि देखिनै हुँदै आएको पाइन्छ । साँचो अर्थमा भन्ने हो भने लोक शब्द त्यस्तो शब्द हो जसले विशद् जनमानसलाई समेट्छ । यसरी अति प्राचीन समयदेखि प्रयोग हुँदै आएको लोक शब्दले लोक अथवा जनताको हितको लागि कार्य गर्ने भन्ने बुझिन्छ (लामिछाने २०६९, पृ.२०) ।

लोककथाको प्रारम्भ अतिप्राचीन कालदेखि भएको हो सुरूसुरूमा केटाकेटीहरूलाई खुसी तुल्याउने, मनोरञ्जन दिने तथा उनीहरूलाई आश्चर्य चकित बनाउनका लागि लोककथाको प्रयोग हुन्थ्यो भने अहिले आएर प्रयोग गर्ने ढाँचामा समेत परिर्वतन हुन थालेको पाइन्छ । लोक कथाहरूमा निम्न विशेषता भएका हुन्छन् (ऐ) :

१. कल्पनाको प्रचुरता

२. सामाजिक प्रवृत्तिको अङ्गिकार

३. उपदेशमूलक

४. मनोरञ्जनात्मकता

५. सरल, सरस तथा स्वाभाविकपन

६. अन्धविश्वास तथा धार्मिक प्रवृत्ति

७. भाग्यप्रति विश्वास

नेपाली लोककथा नेपाली लोकजीवनको उपज हो । त्यसबाहेक लोकीवनबाट प्राप्त हुने विविध विचार सोचाइ, चरित्र, घटना, लोकव्यवहार, परम्परागत मान्यता आदिको समष्टी रूप नै लोककथा हो ।

कक्षा ९ मा शिशिर बसन्तको कथा शीर्षक नामक कथा लोक कथाको रूपमा समावेश गरिएको छ । समाजमा रहेको सौतेनी आमाको कुटिल चाल, जोइटिङग्रे बाबुको भूमिका र दाजुभाईबीचको आत्मिक प्रेमलाई प्रष्ट पार्दै रोचकपूर्ण तबरले नैतिक शिक्षा दिएको छ । प्राचीन समाजमा राजा छान्ने प्रकृति, वहुविवाह जस्ता कुराहरू समावेश भएकोले प्राचीन नेपाली समाजलाई कथाले झल्काएको पाइन्छ भने सौतेनी व्यवाहरले आम नेपाली समाजमा रहदै आएको सौतेनी आमाले सन्तान प्रति गरेको अन्याय अत्यचारको प्रतिनिधित्व गर्न सफल रहेको शिशिर र बसन्तको कथा लोककथाका लागि उपयुक्त देखिन्छ ।

### ४.१.३ पौराणिक कथा

पुराणसँग सम्बन्धित कथावस्तुका आधारमा कुनै पात्र वा चरित्रका माध्यमबाट पौराणिक कथाको सिर्जना गरिन्छ । यस खाले कथामा पुराणमा वर्णित महापुरूष तथा देवी, देवता आदि चरित्रमा केन्द्रित भएको पाइन्छ । नेपाली पौराणिक कथा लेखनमा बदरीनाथ भट्टराई अग्रणी मानिन्छ । (ऐ)

परापूर्वक कालबाट चल्दै आएका वेद, पुराण, महाभारत, रामायण आदिमा उल्लेख भएका धार्मिक विषयवस्तुमा आधारित प्राचीन परम्पराको गौरव बढाउने खालका आधुनिक तथा वर्तमान युग चेतनालाई प्रतिविम्वित गर्ने खालका कथालाई पौराणिक कथामा समावेश गरिएको छ । यस्ता कथाहरू स्वदेशी र विदेशी दुवै स्रोतमा आधारित हुनुपर्ने कुरा पाठ्यक्रममा उल्लेख गरेको पाइन्छ । कक्षा १० को नेपाली पुस्तकमा पौराणिक कथाको रूपमा न्यायको पक्ष नामक कथालाई समावेश गरिएको पाइन्छ । न्यायको पक्ष कथामा महाभारतको वनपर्वमा आधारित न्यायको सँधै जित हुन्छ भन्ने कुरालाई आधार मानि पाण्डवको पक्षमा विदुर रहेको प्रसँग कथामा उल्लेख गरिएको छ । यस कथाको अध्ययन गर्दा पौराणिक कथामा हुनुपर्ने गुण देखिन्छ । सत्का पक्षधर विदुरप्रति झुकाव राख्दै सत् नै न्याय हो भन्ने विचार व्यक्त गरेको छ । महाभारतको वनपर्वमा आधारित विषयवस्तु भएकोले न्यायको पक्ष कथा पौराणिक कथाका रूपमा उपयुक्त छ ।

### ४.१.४ ऐतिहासिक कथा

ऐतिहासिक वीर पुरूष तथा इतिहासिका घटनासँग सम्बन्धित भएर लेखिने कथाहरू ऐतिहासिक कथाहरू हुन् । यस प्रकारका कथाहरूमा ऐतिहासिक व्यक्तित्व तथा चरित्रको चित्रण गरिएको पाइन्छ । कथाका माध्यमबाट आफ्नो देशको देशभक्तिपूर्ण भावना जागृत तथा सञ्चार गराउन यस किसिमका कथाको महत्व उच्च रहेको हुन्छ । राष्ट्रको गौरवगाथा प्रस्तुत गर्नुका साथै प्राचीन संस्कृति र सभ्यतालाई प्रष्ट्याउने काम गरिएको पाइन्छ । रूद्रराज पाण्डे, बदरीनाथ भट्टराई तथा भीमनिधि तिवारी यस किसिमका कथाकार हुन् (ऐ)।

कक्षा ९ को खड्गबहादुर कथा ऐतिहासिक कथाका रूपमा पाठ्यपुस्तकमा समावेश गरिएको छ । कथा सत्य घटनामा आधारित छ । खड्गबहादुर कथामा बेचिएको चेलि बबरजङ्ग राणाकी छोरी धतुरी मैया हुन् । राणा परिवारकी भएर पनि विधिको विडम्बनाले गर्दा उनी पद्मप्रसादका

पन्जामा परी रू. एक हजार तीन सयमा कलकत्तामा वेचिएकी थिइन् र हिरालालका घरमा बन्दी बनेकी थिइन् । विशाल भवनको माथिल्लो तलाबाट चिठी खसेको घटनापछि खड्गबहादुरले २४ अप्रिल १९३० मा उनको विवाह तत्कालीन गोर्खा लिगका मन्त्री नारायण प्रधानसँग गरिदिएका थिए । कलकत्ता अदालतको निर्णय अनुसार उनी २ वर्ष १२ दिन जेल बसेका थिए । यससम्बन्धी समाचार विक्रम संवत् १९८५ माघ १ गतेको गोरखापत्रको पृष्ठ २ मा पनि छापिएको छ भन्ने कुरा लेखकले वर्णन गरेका छन् ।

यसकारण माथिका कुरालाई मध्यनजर गर्दा खड्कबहादुर कथा १९२६ ताकाको सत्य घटनालाई विषयवस्तु बनाएको हुँदा ऐतिहासिक कथा मान्न सकिन्छ । तर यस्ता घटनाहरू अझपनि नेपाली समाजमा विद्यमान रहेकोले यो सामाजिक यथार्थवादी कथा पनि हो भन्न सकिन्छ ।

### ४.१.१.४ सामाजिक कथा

समाजका विविध पक्ष वा पाटा तथा घटनाहरूलाई आधार बनाएर लेखिएका कथाहरू सामाजिक कथा हुन् । यसमा समाजको चित्रण गर्न सामाजिक जीवनको झल्को प्रस्तुत गरिएको हुन्छ । सामाजिक विषयवस्तुमा केन्द्रित भएर लेखिएका नेपाली कथाहरू प्रशस्त मात्रामा पाउन सकिन्छ (ऐ) ।

कक्षा ९ को पाठ्यपुस्तकमा समावेश गरिएको कर्तव्य कथा सामाजिक कथाको रूपमा पाठ्यपुस्तकमा समावेश गरिएको छ । कथाकारले समाजमा रहेका मानिसको जीवनका दुःख र पीडालाई आफ्ना कथामा झल्काएका छन् । यस कथाले सम्पत्तिभन्दा मनवीय सम्बन्ध ठूलो कुरा भएकाले यसलाई जोगाउन समाजका हरेक सदस्यले त्याग गर्न सक्नुपर्छ भन्ने विषयलाई कथाले अघि सारेको हुनाले कर्तव्य कथा सामाजिक कथा अनुरूप छ ।

### ४.१.१.५ मनोवैज्ञानिक वा मनोविश्लेषणात्मक कथा

यसप्रकारका कथामा कुनै पात्र वा चरित्रको सामान्य तथा असामान्य मनस्थितिको चित्रण वा चिरकार गरिएको पाइन्छ । कथामा उल्लेखित पात्र वा चरित्रको मनको अध्ययन तथा विश्लेषण गरिने भएकोले उसका मानसिक द्वन्द्व, कुण्ठा वा विकृतिले उद्घाटन गरिएको हुन्छ । पात्रहरूको मानसिक स्थितिको चिरफार वा मनोविश्लेषण गर्ने उद्देश्य यसप्रकार कथाको रहेको पाइन्छ । पात्रका सामान्य तथा असामान्य स्थितिको चित्रणमा केन्द्रित रहेर कथात्मक अभिव्यक्ति दिनु यसखाले

कथाको मूल उद्देश्य हो । यस किसिमका कथामा फ्रायड, एडलर र युङ्गजस्ता मनोविश्लेषकहरूको मनोविश्लेषणात्मक सिद्धान्तबाट प्रभावित भएर चेतन मनमाथि अचेतन मनले पोका प्रभावलाई उद्घाटन गरिएको हुन्छ । यस प्रवृत्तिका कथा लेखनमा विश्वेश्वरप्रसाद कोइराला महत्वपूर्ण योगदान रहेको छ । त्यसपछि गोविन्द गोठाले, भवानी भिक्षु पोषण पाण्डे, प्रेम शाहको उल्लेखनीय योगदान रहेको छ ।

कक्षा १० को दोषी चस्मा कथा मनोवैज्ञानिक कथा हो । कथाकार कोइरालाले नेपाली सामाजिक पृष्ठभूमिलाई आधार बनाएर व्यक्तिको मनोलोकको अध्ययन र विश्लेषण प्रस्तुत कथामा गरेको पाइन्छ । यस कथामा योनेत्तर मनोवैज्ञानिक पक्षको मात्र उद्घाटन गरिएको छ । केशवराजको मानसिक स्थितिको विश्लेषण गर्दै मानिसमा देखिने सन्त्रासलाई यस कथामा देखाइएकोले दोषी चस्मा कथालाई मनोवैज्ञानिक कथा भन्न सकिन्छ ।

### ४.१.१.६ बालमनोबैज्ञानिक कथा

बालमनोबैज्ञानिकि कथा भनेको बालकको कलिलो मष्तिकमा वातावरणले पार्ने गहिरो प्रभावमा आधारित कथा हो । कक्षा ९ मा देवकुमारी थापाद्वारा लिखित ‘भविष्य निर्माण’ कथा एक उत्कृष्ट बालमनोविज्ञानमा आधारित कथा हो । यस कथामा नरेशको भविष्य निर्माणका लागि वातावरणको ठूलो भूमिका हुन्छ भन्ने मुख्य विषयवस्तुमा आधारित रहेको यो कथा घर बच्चाको पहिलो पाठशाला र आमा पहिलो गुरूआमा हो भन्ने कुरालाई असल गृहिणी पार्वतीको महत्वपूर्ण भूमिकाका आधारमा नरेशको मानसिक विचलनलाई आमा पार्वतीले सकारात्मक सोचाईमा ल्याउन सफल भएको कारण अभिभावकले समयमै विचार पुऱ्याएमा र ही वातावरण दिएमा बच्चालाई श्रेष्ठ बनाउन सकिन्छ भन्ने मुख्य सन्देश यो कथामा हेकोले भविष्य निर्माण कथा उत्कृष्ट बालमनोवैज्ञानिक कथा मान्न सकिन्छ ।

## ४.२ सीपगत दृष्टिले कथा विधाले विश्लेषण

भाषा पाठ्यपुस्तकको मुख्य उद्देश्य भाषिक सीप विकास गर्नु हो । भाषाका आधारभूत सीपहरू एक अर्कामा अन्तरसम्बन्धित हुन्छन् । भाषाका सीप मध्ये एउटा सीप गलत भयो भने अर्को सीप पनि गलत हुन्छ । सुनाइ सीप गलत भए बोलाइ सीप पनि गलत हुन्छ । भाषाका चार सीप पनि गलत हुन्छ । भाषाका चर सीप समान रूपमा विकास हुनु पर्दछ । कुनै पनि भाषिक सीप

गलत रूपमा विकास हुनु हुँदैन । कक्षा ९ र १० को नेपाली किताबमा समाविष्ट कथाहरूबाट पनि भाषाका आधरभूत सीपहरू विकास गर्न सकिन्छ । भाषाका चार सीपलाई कथाका आधारमा छुट्टा छुट्टै विश्लेषण निम्नानुसार गरिएको छ ।

### ४.२.१ सुनाइ सीप

कथा भन्ने साथै सबै कथाहरूश्रवणीय हुन्छन् । सबै किसिमका कथाहरूले एकै किसिमका कार्यकलापबाट सुनाइ सीप विकास गर्छन् भन्ने चाहि होइन । कक्षा ९ र १० को नेपाली किताबमा समावेश गरिएका कथाहरू पनि फरक फरक ढाँचा, किसिम र विषयवस्तुमा आधारित छन् । सुनाइ सीप विकासका लागि श्रुतिलेखन, श्रुतिरचना, बुँदा टिपोट श्रति बोधात्मक प्रश्नोत्तर ध्वनी पहिचान, वर्ण विभेदीकरण, अनुप्रास मिलाउने जस्ता क्रियाकलाप कथा शिक्षणमा गराउन सकिन्छ । कथा मनोरञ्जन प्रदान गर्ने खालका कौतुहल जगाउने र सुन्न मन पर्ने खालका सरल एवम सुबोध भाषा शैली भएका हुनु आवश्यक हुन्छ (अधिकारी, २०६९) ।

'शिशिर र वसन्तको' कथा र खड्गबहादुरको कथाबाट विद्यार्थीहरूले चाख पूर्ण तरिकाले श्रवण गरी कथा बुझ्न सक्छन् । यस्ता कथाको सुनाइबाट श्रुतिबोधात्मक प्रश्नोत्तर गरेर विद्याथीहरूको बोध क्षमता वृद्धि गराउन सकिन्छ । यस्ता कथाको विश्लेषणात्मक सुनाइबाट सम्बन्धित विषयको विवेचना गर्नु, विश्लेषण गर्नु, टिक्का टिप्पणी गर्नु र खण्डन गर्नु आदि कार्यकलापहरू गराउन सकिन्छ । 'दोषी चस्मा' नाम मनोवैज्ञानिक कथाबाट पनि विश्लेषणात्मक सुनाइ सीप विकास गर्न सकिन्छ । उक्त कथाहरू एकाग्र भई सुनेर मनोरञ्जन लिनका अलवा विश्लेषण क्षमतामा पनि वृद्धि गर्न सकिन्छ ।

यसरी कक्षा ९ र १० को नेपाली किताबमा प्रयुक्त एउटा लोककथा, ऐतिहासिक कथा र मनोवैज्ञानिक कथाहरूबाट सुनाइ सीप विकास गर्न सहयोग पुग्दछ ।

### ४.२.२ बोलाइ सीप

मौखिक अभिव्यक्ति सीपलाई बोलाइ सीप भनिन्छ । सबै कथाहरू बोलेर अभिव्यक्ति गरिन्छ । बोलाइ सीप विकास गर्नका लागि कथा शिक्षणबाट प्रश्नोत्तर, कथाकथन, छलफल, घटना वर्णन, खास परिस्थितिको विवेचना आदि जस्ता कार्यकलापहरू अपनाउन सकिन्छ । यसका लागि संवाद शैलीयुक्त मनोञ्जनपूर्ण, सरल भाषा शैलीयुक्त थेगो, निपात, उखान, टुक्का आदिको समावेश भएका

कथाहरू पर्दछन् (अधिकारी, २०६९) । यस्ता कथाहरूले बोलाई सीप विकासमा जोड दिन्छन् । कक्षा ९ र १० को नेपाली किताबमा प्रयुक्त भविष्य निर्माण 'कर्तव्य' र 'न्यायको पक्ष' शीर्षक कथाबाट बोलाइ सीप विकास गर्न सकिन्छ ।

### ४.२.३ पढाइ सीप

पढाइ भनेको लिपिबद्ध भाषामा उतारिएको ज्ञान एवम् सूचनालाई आफ्ना मस्तिस्कले ग्रहण गर्ने सीप हो । पढाइ सीप विकास गर्नका लागि पनि कथा दुई तरिकाले गर्न सकिन्छ सस्वरपाठन र मौन पाठन सस्वर पाठन सीप विशेष गरी साना कक्षा लागि महत्त्वपूर्ण हुन्छन् भने मौन पाठन अपेक्षित रूपमा ठूलो कक्षाका लागि पढाइ सीप विकास गर्न सहयोग पुग्दछ (ऐ) । पाठ्यपुस्तकमा समावेश कथा मध्ये न्यायको पक्ष र शिशिर वसन्तको कथा उत्कृट मान्न सकिन्छ । इतिहास र पुराणका विषय वा घटनामा आधारित भएकाले यी कथामा समावेश भएका विषयहरू बढी बोध क्षमतामा वृद्धि ल्याउने किसिमका देखिन्छ । 'कर्तव्य कथा' सामाजिक विषयवस्तुमा आरित कथा भएकोले सामाजिक भावनाका कुरा यस कथामा रहेको पाइन्छ । यी कथाबाट सस्वरवाचन, मौन वाचन गराइ पढाइ सीप विकास गर्न सकिन्छ । यी कथाहरूमा विद्यार्थीहरूलाई मौन पढ्न लगाई कथामा निहित भागको पहिचान गर्ने, मुख्य कुराको बोध गर्ने मुख्य मुख्य बुँदाहरू पत्ता लगाउने प्रस्तुत भावप्रति आफ्नो विचार प्रस्तुत गर्न आदि कार्यकलाप गराएर पनि पढाइ सीप विकास गर्न सकिन्छ ।

### ४.२.४ लेखाइ सीप

सबै किसिमका कथाहरूबाट लेखाइ सीप विकास गराउन सकिन्छ । कुनै पनि कथाबाट अनेक कार्यकलाप गराएर लेखाई सीप विकास गराउन सकिन्छ । लेखाइ सीप विकास गर्नका लागि कथा शिक्षणबाट अनुभव वा घटना वर्णन, अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर लेखन, बुँदा टिपोट, भावविस्तार साराश लेखन, अनुच्छेद लेखन, कथा लेखन आदि जस्ता कार्यकलाप गराउन सकिन्छ । कक्षा ९ र १० को पाठ्यपुस्तकमा समावेश कथाहरू कतर्व्य कथा, दोषीचस्मा कथा, न्यायको पक्ष कथा, शिशिर र वसन्तको कथा, भविष्य निर्माण कथा र खड्गबहादुर कथा जम्मा ६ ओटा कथाले नै लेखाई सीप विकासमा जोड दिएको छ । यी कथाहरूमा मनोञ्जनात्मक विषय सामाजिक घटनामा आधारित मनोवैज्ञानिक र संवादात्मक र आत्मलापको प्रस्तुति पनि पाइन्छ ।

यस्ता कथाहरूको माध्यमबाट आफ्नो समाजमा भएका वा हुन सक्ने त्यस्तै घटनालाई कथावस्तु बनाइ कथा लेख्न प्रेरित गर्न सकिन्छ यस्ता कथाहरूबाट प्रश्नोत्तर लेखन, कथालेखन भाव विस्तार, अनुभव लेखन आदि जस्ता कार्यकलाप गराई लेखन सीप विकास गर्न सकिन्छ । 'न्यायको पक्ष' कथाबाट घटना वर्णन अनुलेखन, श्रुतिलेखन, प्रश्नोत्तर लेखन जस्ता कार्यकलाप गराइ लेखन सीप विकास गराउन सकिन्छ ।

## ४.३ छनोटका दृष्टिले कथाहरूको विश्लेषण

जुनसुकै भाषाको औपचारिक शिक्षणका लागि पाठ्यवस्तुको छनोट विभिन्न दृष्टिले गर्न आवश्यक ठानिन्छ । सीमित समय र स्रोतबाट अधिकतम् लाभ प्राप्त गर्न जुनसुकै स्थितिमा प्राथमिक कक्षा र ती भन्दा माथिल्ला कक्षाहरूमा समेत नेपाली भाषा शिक्षणका सन्दर्भमा छनोट प्रासङ्गिक ठहर्दछ । स्तरीय भाषिक सीप विकास गराउन पाठ्यपुस्तकमा भाषा सम्बन्धी विभिन्न विधा अर्न्तगतका विषयवस्तुको कसरी छनोट गरिएको हुन्छ ? भाषिक सीप वृद्धिका साथै विविध विषयवस्तुको जानकारी गर्ने उद्दश्यले कथा विधामा लोक कथा, सामाजिक कथा, पौराणिक कथा, ऐतिहासिक कथा, बालमनोवैज्ञानिक कथा, मनोवैज्ञानिक कथाहरूको छनोट गरिएको हो । सबै कक्षामा एकै किसिमका कथाहरूउपयुक्त नहुने हुँदा विद्यार्थीको स्तर अनुसार विषयवस्तु छनोट गर्नु उपयुक्त हुन्छ । पाठ्यवस्तुको छनोट विद्यार्थीको स्तर, रुची, क्षमता अनुरूप मिलेको छैन भने शिक्षकले जति सुकै प्रभावकारी रूपले शिक्षण गरेपनि शिक्षार्थीले सफल रूपमा शिक्षा हासिल गर्न सक्दैनन् । पाठको प्रस्तुतीकरणमा पूर्वधार सापेक्षता र पारस्परिक सम्बद्धताका आधारमा पहिलो पाठ दोस्रो पाठको लागि आधार बन्न सक्नुपर्छ । यसको प्रयोजन पहिलो भन्दा दा्स्रो, दोस्रो भन्दा तेस्रो पाठ स्तरीकृत हुँदै जानु पर्छ भन्ने हो । यीकथाहरू कथा शिक्षणका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । माध्यमिक तहको पाठ्यक्रमले लोककथा, पौराणिक कथा, ऐतिहासिक कथा, बालमनोवैज्ञानिक कथा, सामाजिक कथा र मनोवैज्ञानिक कथा गरी जम्मा ६ ओटा कथाहरू निर्देशन गरेको छ ।

### ४.३.१. शिशिर र वसन्तको कथा

यस कथा बोधविक्रम अधिकारीद्वारा लिखित कथा हो । उनको नेपाली साहित्यका क्षेत्रमा ठूलो योग्दान पाइन्छ । लोकप्रचलित स्वादिला कथाहरू सङ्कलन गरेर तिनलाई सरल र मीठो भाषामा प्रस्तुत गर्न सक्नु उनको कथात्मक विशेषता हो ।

उनका कथाहरूमा लोक परम्परामा प्रचलित कथा वस्तुलाई उठान गरिएको पाइन्छ । समाजमा रहेका सौतेनी आमाले छोरा छोरी माथि कति सम्म तल गिरेर कुकर्म गर्न तयार हुँदा रहेछन् भन्ने तितोसत्यलाई कथामा मार्मिक ढङ्गबाट प्रस्तुत गरेको पाइन्छ । आफ्नो गर्भबाट नजम्मेको सन्तानलाई जे गरेपनि हुन्छ भन्ने कठोर मन भएका सौतेनी आमालाई व्यङ्ग्यसमेत कथामा गरेको पाइन्छ भने सम्पत्तिको लोममा परी मान्छे जस्तो सुकै कर्म गर्न पछि नहट्ने कुरालाई पनि कथाले प्रष्ट पारेको छ ।

कथामा खास गरी चिन्ता नै चित्ताको कारण बन्ने, मरेको मानिसको माया ममता हराउदै जाने, सौतेनी आमाको कुटिल चाल जोइटिग्रे बाबुको निर्धयीपन आदि पक्षको चर्चा गरिएको छ । त्यस्तैगरी कामबासना कै लागि भए पनि कान्छी श्रीमतीका कुरा काट्न नसक्ने जस्ता पक्षलाई प्रस्ट पार्न राजाको भूमिका यस कथामा सजीव छ ।

पाठ्यक्रमले सङ्केत गरे अनुसारको विषयवस्तु समेटिएको उत्कृष्ट लोककथा विद्यार्थीको स्तर अनुसार कथानक भएको पाइन्छ । आज्ञापालन, कर्तव्य र जिम्बेवारीको बोध गराई नैतिक शिक्षा दिनु यो कथाको प्रमुख सन्देश रहेकोले छनोटका दृष्टिले यो कथा उपयुक्त छ ।

### ४.३.२. भविष्य निर्माण

यस कथा देवकुमारी थापाद्वारा लिखित बालमनोवैज्ञानिक कथा हो । उनका कथामा व्यक्तिको जीवनको भित्री मर्मलाई उद्घाटन गर्ने प्रयास गरेको पाइन्छ । बालसाहित्यका क्षेत्रमा यिनको ठूलो योगदान रहेको छ । यिनले राम्रा राम्रा बालमनोवैज्ञानिक कथाहरू लेखेकी छन् । जीवनवादी चिन्तन र सामाजिक चेतनायुक्त कथाहरू लेख्नु उनको कथागत विशेषता हो ।

प्रस्तुत भविष्य निर्माण एउटा उत्कृष्ट बालमनोवैज्ञानिक कथा हो । कप्तान कृष्णबहादुर, उनकी श्रीमती पार्वती र उनीहरूको पाँच वर्षको छोरा नरेश मुख्य तीनजना पात्र रहेको यो कथा बालकको भविष्य निर्माणका लागि वातावरणको ठूलो भूमिका हुन्छ भन्ने मुख्य विषयवस्तुमा आधारित रहेको छ । बच्चालाई लाउन खान दिन मात्र बाबु आमाको कर्तव्य नभई उनीहरूको खाली दिमागमा नकारात्मक प्रभावहरू हटाई सकारात्मक सोच भरिने खालको वातावरण सृजना गर्नु प्रमुख कर्तव्य हो भन्ने आशयलाई यो कथाले उजागर गरेको छ । बच्चालाई जस्तो खालको वातावरण दियो त्यसै अनुसारको व्यवाहार प्रदर्शृन गर्छन् भन्ने कुरा नरेशको माध्यमबाट कथामा देखाइएको छ । घर बच्चाको पहिलो पाठशाला र आमा पहिलो गुरूआमा हो भन्ने कुरालाई असल

गृहिणी पार्वतीको महत्वपूर्ण भूमिकाका आधारमा यस कथाले प्रमाणित गरेको छ । कृष्णबहादुरको कमजोरीका कारण प्रतिहिङ्साको भावना लिएको नरेशलाई सत विचारद्वारा असल बाटो ल्याउन सक्ने पार्वतीको भूमिकाको आधारमा वास्तवमा अभिभावकले समयमै विचार पुऱ्याएमा र सही वातावरण दिएमा बच्चालाई श्रेष्ठ बनाउन सकिन्छ भन्ने मुख्य सन्देश यो कथामा रहेको छ । यस कथा ले विद्यार्थीहरूलाई सकारात्मक सन्देश दिन सफल भएको कारण छनोटका दृष्टिले कथा ९ मा उक्त कथा राखिनु उपयुक्त छ ।

### ४.३.३. **'खड्गबहादुर कथा'**

बदरीनाथ भट्टराईद्वारा लिखित खड्गबहादुर कथा सत्य घटनामा आधारित कथा हो । उनका कथामा सामाजिक नीतिचेतना, सच्चरित्रता, देशप्रेम, मानवतावाद, जस्ता कुराहरूको तीव्र कर्तव्यबोध पाइन्छ ।

खड्गबहादुर कथा ऐतिहासिक कथा भएपनि वर्तमान सन्दर्भमा समेत यो प्रासङ्गिक लाग्दछ किनभने यसमा विदेशमा नेपाली चेलीको बेचविखनजस्तो गम्भीर विषय प्रस्तुत गरिएको छ । समाजमाभएका र हुन सक्ने विषयवस्तुको छनोट गर्न सक्नु कथाकारको खुवी हो । प्रस्तुत कथा ११ अनुच्छेदमा संरचित रहेको छ भने तत्सम र आगन्तुक शब्दहरू बढी मात्रामा प्रयोग गरिएको छ ।

अझ पनि नेपालको डरलाग्दो सामाजिक समस्याको रूपमा रहेको चेलीबेटी बेचविखन समस्यालाई इतिहासमा घटेको सत्य घटना सँग जोडेर आधुनिक जीवनको उपभोग सँगसँगै पशुवत व्यवहार गर्ने मानवनियतीलाई उजागर गर्न खोजिएको छ । आफ्नो देशको दिदी बहिनीहरूलाई पैसाको लोभमा पारी बिक्री गरी नारकीय जीवन जिउन वाध्य तुल्याउनु अमानवीय क्रियाकलाप हो र यस्ता कार्यगर्नेलाई समाजदेखि नै निस्तेज गर्नका लागि यो कथा समावेश गर्नु सान्दर्भिक देखिन्छ । यो कथाको माध्यमबाट पूर्ण यस्ता खालको कार्य नदोरीउन भनेर समेत सचेत गराएको हुँदा छनोटका दृष्टिमा यो कथा उपयुक्त छ ।

### ४.३.४. **कर्तव्य कथा**

गुरूप्रसाद मैनाली द्वारा रचित 'कर्तव्य कथा' समाजमा घट्ने यथार्थ घटनाहरूलाई आधार बनाएर मार्मिक ढङ्गबाट प्रस्तुत गरिएको कथा हो । खास गरेर नेपालको ग्रामीण समाजका मूल्य र

मान्यतालाई आधार बनाएर उनले मानवीय संवेदनालाई चट्ट मुटु छुनेगरी व्यक्त गरेका छन् । समस्याग्रस्त नेपाली समाजलाई नजिकैबाट चियाएर उनले मानिसको जीवनका दुःख र पीडालाई आफ्ना कथाहरूमा झल्काएको पाइन्छ ।

यस कथामा मानिसले कहिल्यै आफ्नो कर्तव्यलाई भुल्नु हुन्न भन्ने सन्देश दिनका साथै प्रतिप्रेमको महत्व समेत प्रस्तुत गरेको छ । धनसम्पत्तिको लागि अंशबण्डाका निहुमा दाजुभाइबिच कहिल्यै मनमुटाव गर्नुहुदैन साथै जीवनमा राम्रो काम र परोपकार, सेवा सहयोग गरेमा मरणोपरान्त मानिसेल गुन सम्झिरहन्छन् भन्ने कुरा देखाउनु कथाको उद्देश्य रहेको पाइन्छ । आधुनिक कथाको सामाजिक यथार्थवादी धाराको प्रतिनिधित्व गर्ने प्रस्तुत कथाले विद्यार्थीमा सच्चरित्रताको विकासमा समेत जोड दिएको छ । कर्तव्य कथा संरचनाका दृष्टिले अलि लामो देखिन्छ । २१४ वाक्य र ४८ अनुच्छेदको कथा अपेक्षाकृत लामो भएपनि विद्यालय तहको अन्तिम कक्षा १० का लागि अनुपयुक्त देखिदैन । विषयवस्तु विद्यार्थीका लागि स्तर अनुकूल र रूचिपूर्ण रहेको छ । कतिपय अवस्थामा अनौपचारिक कथ्य भाषा प्रयोग भएको पाइए पनि धेरै जसो औपचारिक भाषा पूर्वेली भाषिकाको प्रयोग कथामा पाइन्छ । उखान टुक्काका प्रयोगका दृष्टिले कथा दुर्बल रहेको छ । तथापि समग्रमा छनोटका दृष्टिले कथा उपयुक्त रहेको छ ।

### ४.३.५. **'दोषि चस्मा' कथा**

नेपाली साहित्यका प्रतिभाशाली कथाकार तथा साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको दोस्रो चरणमा लेखिएको उत्कृष्ट कथा दोषी चस्मा हो । यस कथामा कोइरालाको समग्र कथा प्रवृतिभन्दा केही भिन्न धारणा व्यक्त भएको छ । कोइरालाले यस कथामा नेपाली समाजको संरचनालाई मुल आधार बनाएको पाइन्छ । 'दोषी चस्मा' कोइरालाको सर्वाधिक चर्चा पाएको मूल्यवान कथारचना मानिन्छ । यस कथालाई मूल्यवान् बनाउने केही विशेषताहरू रहेका छन् । कोइरालाले यस कथामा नेपाली समाजको रूग्ण मानसिकता र त्यसले व्यक्तिमा पारेको मानिसक द्वन्द्व चित्रण गरेका छन् । वैचारिक महत्वका साथै यस कथामा संरचनात्मक रूपहरू पनि उल्लेखनीय रहेका छन् ।

कथाकार कोइरालाले नेपाली सामाजिक पृष्ठभूमिलाई आधार बनाएर व्यक्तिको मनोलोकको अध्ययन र विश्लेषण प्रस्तुत कथामा गरेको पाइन्छ । यस 'दोषी चस्मा' कथामा नेपाली संस्कृति र समाज सापेक्ष विषयवस्तुको छनोट गरिएको छ । कथाकार कोइरालाका असामान्य पुरूष

मनोवैज्ञानिक कथाहरू मध्ये सर्वोत्कृष्ट कथाका रूपमा यस कथाले स्थान प्राप्त गरेको छ । कथाकार कोइरालाका कथा सङ्ग्रहहरूमध्ये एउटा सङ्ग्रहकै नाम 'दोषी चस्मा' राखिनुले यस कथाको मूल्याङ्कन उच्च तहमा गर्न सकिन्छ । यस कथामा यैनित्तर मनोवैज्ञानिक पक्षको उद्घाटन गरिएको छ । यस 'दोषी चस्मा' कथाले केशवराजको चश्मालाई भन्दा पनि हाम्रो नेपाली समाजको चाकरीतन्त्रलाई वा चाकरीतन्त्रमा रहेको दोषी मानसिकतालाई व्यङ्ग्य गरेको छ । समाजमा न्यायिक व्यवस्था नरहेको खुलासा यस कथामा गरिएको छ । न्यायिक परिपाटी भएको भए केशवराजजस्ता सोझा व्यक्तिले राणाहरूको चाकरी गर्न बाटामा ढुकेर बस्नुपर्ने नै थिएन ।

यस कथामा नेपाली ग्रामीण समाजमा प्रचलित रहँदै आएको सरल, सहज एवं सरस भाषा शैलीको प्रयोग गरिएको पाइए पनि तत्कालीन नेपालको राणाकालीन परिवेशको झल्को देखाइएको छ । केही तत्सम शब्दहरू स्वामी, क्रुद्ध, रिक्त आदिका साथै टुक्काहरू बाटो लाग्नु, गाँस टिप्नु, गौर गर्नु आदि रहेका छन् । सम्भ्रान्त परिवारमा प्रयोग गरिने शब्दहरू सवारी हुनु, स्वस्ति, राज हुनु, नजर हुनु, रिसानी हुनु, मर्जी हुनु आदिको प्रयोग समेत यस कथामा रहेको छ । विद्यार्थीको स्तर, उमेर, प्रयोजन आदि छनोटका दृष्टिले दोषी चस्मा कथालाई कक्षा १० मा राखिनु उपयुक्त मान्न सकिए पनि यो कथा कक्षा ११ को ऐच्छिक नेपालीमा समेत राखिएकाले भने छनोट उपयुक्त मान्न सकिदैन । यस कथाको साटो अर्के मनोवैज्ञानिक कथा राखिनु उपयुक्त देखिन्छ ।

### ४.३.६. न्यायको पक्ष कथा

यो बदरीनाथ भट्टराईद्वारा लिखित कथा हो । उनले नेपाली कथाजगत्मा आफ्नै छुट्टै पहिचान कायम गरेका छन् । इतिहास, पुराण र वेदलाई कथाको भिन्नभिन्नै क्षेत्र बनाएर उनले विगतका यथार्थभित्रका अमुल्य र रोचक तथ्य माथि प्रकाश पारेका छन् । विगतका घटना, चरित्र र प्रवृत्तिलाई टिपेर पनि समसामायिक समाजका निमित्त ती कुराहरूलाई प्रेरणादायी बनाउन सक्नु उनको साहित्यिक प्रतिभाको खुवी हो । सामाजिक नीतिचेतना, सच्चरित्रता, देशप्रेम, मानवतावाद, तीव्र कर्तव्यबोध वा दायित्वबोध सामाजिक सङ्गति आदि नै उनका ऐतिहासिक, पौराणिक र वैदिक कथाहरूका विषयगत परिधि हुन् ।

"न्यायको पक्ष" कथा महाभारतको वनपर्वमा आधारित पौराणिक कथा हो । यो उपजीव्य ग्रन्थ महाभारतमा आधारित छ । सत्य र न्यायको पक्षमा सदैव लाग्नु पर्ने पद र प्रतिष्ठा, प्रलोवनमा परेर सत्यलाई छोड्नु हुन्न भन्ने सन्देश विदुरको चरित्रका माध्यमबाट दिइएको छ । आदर्श चरित्रको

स्थापनामा जोड दिदै पूर्वीय दर्शनको एउटा महत्वपूर्ण प्रसङ्गसँग विद्यार्थीलाई परिचित गराएको छ। संवादप्रधान यो कथामा पूर्व सन्दर्भ र प्रसङ्ग बिना कथाको उठान भएकोले र निरस संवाद रहेकाले विद्यार्थीहरूका लागि रूचिपूर्ण हुन नसकेको देखिन्छ। रोचक बन्न सकेको देखिदैन। रातो मुख लगाउनु, मनपेट दिनु, आगो हुनु, स्वाहा पार्नु, मिति पुऱ्याउनु आदि टुक्काको प्रयोग यस कथामा गरिएको छ। कथा वस्तुबिचबाट उठान गरिएको हुनाले विद्यार्थीले बुझ्न गाह्रो हुने भएको कारण पौराणिक कथाका रूपमा न्यायको पक्ष कथा छनोटका दृष्टिले अनुपयुक्त देखिन्छ।

## ४.४ पाठ्यक्रमका क्षेत्र र क्रमका आधारमा विश्लेषण

साहित्यको जुनसुकै विधामा पाठ्यक्रमको क्षेत्र र क्रमले महत्वपूर्ण स्थान ओगटेको हुन्छ। यसले विषयवस्तुलाई सार्थक बनाउन सहयोग पुऱ्याउदछ। पाठ्यक्रमको क्षेत्र भन्नाले कुनै पनि विधामा समावेश हुने पाठहरू कुन कुन स्रोत वा विषयसँग सम्बन्धित छन् भन्ने बुझिन्छ भने क्रम भन्नाले विधामा समावेश भएका पाठहरू मध्ये कुन सुरूमा राख्ने त्यसपछि कुन राख्दै जाने भन्ने स्तरणको कुरालाई जनाउदछ वा पाठ्यक्रमले निर्देशन गरे अनुसारको पाठहरूलाई मिलाएर पाठ्यपुस्तक समावेश गर्नु नै क्रम हो। कथा विधाको क्षेत्र निर्धारण गर्दा एक स्रोत विषयसँग सम्बन्धित कथाहरू मात्र पाठ्यक्रममा राखियो भने त्यसले निर्धारण गरेको उद्देश्यहरू पूरा हुन सक्दैनन्। त्यसैले जुन सुकै विधा पनि विविध क्षेत्रबाट विषयवस्तु सङ्कलन गर्नु सबल प्रभावकारी पाठयक्रमको विशेषता मानिन्छ। विधाहरूको छनोट गर्दा उपयुक्त क्षेत्रहरूको कायम गरेर मात्र हुँदैन साथमा तिनको क्रमिकतालाई पनि उपयुक्त रूपमा ध्यान दिन आवश्यक देखिन्छ। पाठ्यवस्तुको क्रमिकतालाई ध्यान दिदा सरलबाट जटिल, ज्ञातबाट अज्ञात, विशिष्टबाट सामान्य तर्क अग्रसर गराउनु पर्छ।

मा.वि. तहका पाठ्यक्रमले कथा विधालाई पाठ्यपुस्तकमा समावेश गर्दा कक्षा ९ मा लोककथा, ऐतिहासिक कथा र बालमनोवैज्ञानिक कथा छन् भने १० मा पौराणिक कथा, सामाजिक कथा र मनोवैज्ञानिक कथा छन्। उक्त कथाहरूलाई पाठ्यक्रमले निर्देशित गरे अनुरूप क्रम मिलाएर एक पछि अर्को गर्दै मिलाएर राख्नु पर्दछ। कक्षा ९ र १० को पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको क्षेत्र र क्रमका आधारमा अध्ययन निम्नानुसार गरिएको छ।

**क) पौराणिक कथा**

वेद, पुराण, महाभारत, रामायण आदिमा उल्लेख भएका धार्मिक विषयवस्तुमा आधारित प्राचिन परम्पराको गौरब बढाउने खालका कथा पौराणिक कथा हो । यस खाले कथामा पुराणमा वर्णित महापुरूष तथा देवी, देवता आदि चरित्रमा केन्द्रित भएको पाइन्छ भने आधुनिक तथा वर्तमान युग चेतनालाई प्रतिविम्वित गर्ने खालको कथाहरूलाई पौराणिक कथाका रूपमा समावेश गरिन्छ । माध्यमिक तहको पाठ्यपुस्तकमा समावेश कथाहरू मध्ये न्यायको पक्ष कथा यस अन्तर्गत पर्दछ । शासन सत्ताका लागि हुने विभिन्न षड्यन्त्र शक्तिमा रहेकाहरूले अरूमाथि गर्ने अन्याय, अत्याचार र दमन ठूला व्यक्तिले सानाहरूलाई हेर्ने प्रवृत्ति आदिको प्रस्तुति पाइने यस कथामा जतिसुकै अप्ठ्यारामा परेपनि सधैं सत्य र न्यायको पक्ष लिनुपर्छ भन्ने मुख्य सन्देश दिन सफल कथा पाठ्यक्रमको मर्म र भावना अनुरूप भएकोले क्षेत्रका आधारमा उपयुक्त छ भने क्रमका आधारमा भने पाठ्यक्रमले तोकेअनुरूप भएको पाइदैन । क्रमिकताका आधारमा कक्षा १० मा सुरूमा पौराणिक कथा समावेश गर्नु पर्ने भन्नेकुरा पाठ्यक्रमले निर्देशन गरको छ भने पाठ्यपुस्तकमा सुरूमा सामाजिक कथालाई प्राथमिकता दिएको हुदा क्रमिकताका आधारमा कथा उपयुक्त नभएको देखिन्छ ।

**ख) सामाजिक कथा**

सामाजिक घटनाका विविध पाटामा आधारित कथाहरू सामाजिक कथा हुन् । यसमा समाजको चित्रण सामाजिक जीवनको झल्को प्रस्तुत गरिएको हुन्छ । सामाजिक विषयवस्तुमा केन्द्रित भएर समाजमा रहेको जल्दो बल्दो समस्यालाई विभिन्न पात्रको माध्यमबाट कथावस्तुको उठान गरिएको पाइन्छ । माध्यमिक तहको पाठ्यपुस्तकमा सामावेश कथाहरू मध्ये सामाजिक कथाका रूपमा 'कर्तव्य कथा' यस अन्तर्गत पर्दछ । यस कथामा पिताको मरण पछि छोराहरू बीच अंशको विषयमा हुने लुछाचुडी त्यसबाट उत्पन्न हुने समस्या, शहरियामा हुने रवाफ तथा पाश्चात्य संस्कृतिको प्रभाव विवाह, पूजापाठ, धुम्रापान, खेती आदि नेपाली धार्मिक सामाजिक र सांस्कृतिक परम्पराको चित्रण गरेको पाइन्छ । हरेक व्यक्तिले आफ्नो कर्तव्य भुल्न नहुने, अभिभावकले आफू छदै छोराहरूलाई अंशको टुङ्गो लगाउनु पर्ने सन्देश समेत पाइने यस कथामा जस्तोसुकै वेमेल भएपनि भातृत्व प्रेम टुट्दैन भन्ने कुरा दाजु भाइको सुखद मिलन बाट प्रष्ट पार्न खोजिएको प्रस्तुत कथा पाठ्यक्रमको क्षेत्र अनुसार उपयुक्त नभएको पाइन्छ । क्रमिकताका आधारमा सामाजिक कथा

समावेश गर्नु पर्ने ठाउँमा मनोवैज्ञानिक कथा राखिएको छ त्यसकारण पाठ्यक्रम अनुरूप क्रम नमिलेको देखिन्छ ।

**ग) मनोवैज्ञानिक कथा**

यसप्रकारका कथामा कुनै पात्र वा चरित्रको सामान्य तथा असामान्य मनस्थितिको चित्रण गरिएको पाइन्छ । कथाको पात्रहरूको द्वन्द्व, कुण्ठा वा विकृतिको चिरफार गरिएको हुन्छ । पात्रका सामान्य तथा असामान्य स्थितिको चित्रणमा केन्द्रित रहेर कथात्मक अभिव्यक्ति दिनु यसखाले कथाको मूल उद्देश्य हो । माध्यमिक तहको पाठ्यपुस्तकमा समावेश कथाहरू मध्ये 'दोषी चस्मा कथा'यस अन्तर्गत पर्छ । यस कथामा अनावश्यक मनको डर र शङ्काले निम्त्याउने सङ्कट, राणा शासनकालमा सर्वसाधारणमा रहेको त्रसित मनस्थिति, एकातिरको रिस अर्को तिर पोख्ने मनवीय प्रवृत्ति, भरिएको गाग्रो तथा ठेकी जस्ता कुरालाई शुभसङ्केतका रूपमा मान्ने संस्कार, ठूलावडाको चाकरी गरेर प्रिय हुन खोज्ने मानिसको प्रवृत्ति आदि पक्षलाई चित्रण गरेको पाइन्छ । मानिसलाई मनले नै बलियो र कमजोर गराउँछ भन्ने कुरा केशवराजको घटनाबाट स्पष्ट पारेको छ । मान्छेले हेर्ने दृष्टिकोण सधैं सकारात्मक हुनु पर्दछ, अनावश्यक शङ्का र डर गर्नु राम्रो हुँदैन, अनावश्यक डर ऋसले दुःख मात्र पाइन्छ भन्ने जस्ता मार्मिक सन्देश दिने उद्देश्य रहेको दोषीचस्मा कथालाई अत्यन्तै सफल मनोविश्लेषणात्मक कथा मानिन्छ । पाठ्यक्रमले तोकेअनुसारको विषयवस्तु समेटिएको उत्कृष्ट मनोविश्लेषणात्मक कथा भएको हुनाले क्षेत्रका आधारमा सबल देखिन्छ भने क्रमिकताको आधारमा नरहेको पाइन्छ । पाठ्यक्रम अनुसार क्रमिकताको आधारमा मनोवैज्ञानिक कथा समावेश गर्नु पर्ने ठाउँमा पौरणिक कथा राखिएको छ । त्यसकारण माध्यमिक तहको कक्षा १० मा समावेश कथाहरू क्रमका आधारमा पाठ्यक्रम अनुरूप नरहेको पाइन्छ ।

**घ) लोककथा**

लोकजीवनमा चलिआएको गाउघरमा प्रचलित परापूर्वकालदेखि समाजमा फस्टाउँदै, मौलाउँदै र झ्याँगिदै आएको ज्ञानवर्द्धक कथाहरू यसअर्न्तगत पर्दछ । लोककथामा लोक भावना प्रतिविम्बित भएको हुन्छ । लोककथा सम्पूर्ण जनताको जीवन हो । लोकथामा लोक  व्यवहारका अतिरिक्त समाजका राम्रा-नराम्रा, तीता, मीठा, दुःख, सुखका अनुभूतिहरू सङ्गालिएका हुन्छन् । माध्यमिक तहको कथाहरू मध्ये शिशिर र वसन्तको कथा यस अर्न्तगत पर्दछ । कारूणिक

विषयवस्तु मा आधारित शिशिर र वसन्तको कथाले पाठकको मनछुन सफल रहेको छ । नारीहरू जति धेरै कमलो मन भएका हुन्छन् भने कठोर पनि उत्तिकै मात्रामा हुन्छन् भन्ने कुरा शिशिर वसन्तको सौतेनि आमाबाट प्रष्ट पार्न खोजिएको छ । त्यस्तैगरी आफ्ना सन्तानलाई मार्न समेत तयारहुने कान्छी श्रीमतीका कुरा काट्न नसकि सन्तानको बाफ्भिथाप्ने अपराधि बाबुको प्रतिनिधित्व शिशिर वसन्तको बाबुले गरेको पाइन्छ । सौताको दिल त्यहाँसम्म निठुर हुँदो रहेछ भन्ने कुरा भँगेराको बच्चालाई पनि उसको सौतेनी आमाले चुच्चाले च्यापेर मारेको प्रसँगबाट कथा अगाडी बढेको छ । यो कथामा माया नै सबैभन्दा ठूलो शक्ति हो माया नै मान्छेको बाच्ने आधार हो । यसैद्वारा नै उसले आफू, आफ्नो परिवार र धर्तीलाई सुन्दर र हराभरा तुल्याएको हुन्छ । यसको अभावमा मानिस कुण्ठित मात्र होइन दुःखित र निराश पनि बन्दछ भ न्ने सन्देश दिनका साथै मानिसको अनावश्यक चिन्ता लिनुहुन्दैन, चिन्तानै चिताको कारण बन्न सक्छ भन्ने मुख्य सन्देश दिएको यस कथा पाठ्यक्रमले सङ्केत गरे अनुसारको विषयवस्तु समेटिएको हुनाले यो कथा क्षेत्र र क्रमकै आधारमा उपयुक्त छ ।

**ङ) ऐतिहासिक कथा**

इतिहासका घटनासँग सम्बन्धित भएर लेखिने कथाहरू जस्मा ऐतिहासिक वीर पुरूषको व्यक्तित्व तथा चरित्रको चित्रण गरिएको पाइन्छ । कथाका माध्यमबाट आफ्नो देशको देशभक्तिपूर्ण भावना जागृत तथा सञ्चार गराउन यस किसिमका कथाको महत्व उच्च रहेको हुन्छ । माध्यमिक तहको कथाहरू मध्ये ‘खड्गबहादुर कथा’यस अर्न्तगत पाठ्यपुस्तकले समावेश गरेको पाइन्छ । सामाजिक, विषयवस्तुमा आधारित रहेको यसकथा नेपाली चेलिको कारूणिक अवस्थालाई प्रस्तुत गरिएको छ । पैसा कमाउनका लागि लोभमा परेकि महिला फटाहा दलालको हातमा परि वेचिन पुगेकि हुन्छिन् । वम्बईको कोठिमा नरकिय जीवन विताउन वाध्य ती महिला धेरै योन पिपासुको तीर्खा मेटाउन माध्य रहेको विषयवस्तु कथामा उल्लेख पाइन्छ । नेपालको जल्दो बल्दो सामाजिक विषयवस्तु कथामा समावेश गरिएको छ । पैसाकै लागि आफ्नो देशको चेलिबेटिहरूलाई बेच्ने त्यस्ता दलालहरूलाई गाउँबाट नभएर देशैबाट बहिस्कार गर्नु पर्छ भन्ने मुख्य सन्देश बोकेको यस कथाले विद्यार्थीहरूलाई पनि पूर्ण यस्तो घटना नदोरीयोस् भनेर सजग गराएको छ ।

कथाको विश्लेषण गर्दा खड्गबहादुर कथाले ऐतिहासिक विषयवस्तुलाई आधार मानेको भएपनि हाल सम्म पनि यस्ता घटना अझपनि नेपाली समाजमा विध्यमान रहेको हुनाले

पाठ्यक्रमको मर्म अनुरूप विषयवस्तु समावेश भएको पाइन्छ । क्षेत्रका आधारमा यो कथा उपयुक्त छ भने क्रमका आधारमा पाठ्यक्रम अनुसार बालमनोवैज्ञानिक कथा समावेश गर्नु उपयुक्त मानिन्छ ।

**च) बालमनोबैज्ञानिक कथा**

बालकको कलिलो मस्तिष्कमा पारिवारिक अथवा वातावरणले पार्ने प्रभावबाट उत्पन्न समस्याहरू नै बालमनोविज्ञान भित्र पर्छन् । यसै आधारमा आधारित माध्यमिक तहको पाठ्यपुस्तकमा समावेश 'भविष्य निर्माण कथा' यस अर्न्तगत पर्छ ।

यस कथाले बालक गिलो वा काँचो माटो हो त्यसलाई जस्तो आकार दियो त्यस्तै बन्छ । बालकलाई कस्तो बनाउने भन्नेकुरा पारिवारीक वातावरण मानै भर्रपर्छ । बालकलाई सानोकुराले पनि नकारात्मक असर छिटो पर्ने हुनाले अभिभावकहरूले बोल्दा धेरैनै होस् पुऱ्याउनु पर्छ भन्ने सन्देश यस कथामा पाइन्छ । आमा बुवा नै बालकको पहिलो शिक्षक शिक्षिका र घर नै पहिलो पाठशाला भएका कारण बालकलाई माया ममता दिई मार्गनिर्देशन गरेमा जस्तोसुकै नकारात्मक प्रभाव परेपनि त्यसलाई सकारात्मक सोचमा बदल्न सकिन्छ भन्ने कुरा नरेशलाई पार्वतीले परिवर्तन गरेबाट प्रष्ट पार्न सफल यो कथा पाठ्यक्रम अनुसार उपयुक्त छ । पाठ्यक्रमको क्षेत्रका आधारमा कथा सबल छ भने क्रमका आधारमा बीचलन पाइन्छ । क्रमिकताको आधारमा बालमनोबैज्ञानिकको ठाउँमा ऐतिहासिक कथा समावेश गरिएको पाइन्छ ।

## ४.५ पाठ्यक्रम अनुरूपताको आधारमा विधाको क्षेत्र र क्रम तालिका

| विधा | कक्षा ९ | कक्षा १० |
|---|---|---|
| कथा | क) लोककथा -१<br>ख) ऐतिहासिक कथा -१<br>ग) बालमनोवैज्ञानिक कथा -१ | क) पौराणिक कथा -१<br>ख) सामाजिक कथा -१<br>ग) मनोवैज्ञानिक कथा -१ |

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा पाठ्यक्रम अनुरूप कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समावेश कथाहरूको आफ्नो अध्ययन विश्लेषणबाट निम्नलिखित निष्कर्ष निकाल्न सकिन्छ ।

## ५.१ निष्कर्ष

१. कक्षा १० को नेपाली पाठ्यपुस्तकमा सामाजिक कथा-१, मनोवैज्ञानिक कथा १ र पौराणिक कथा १ गरी ३ ओटा कथा राखिएका छन् ।

२. कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा लोककथा १, बालमनोवैज्ञानिक कथा १, र ऐतिहासिक कथा १ गरी ३ ओटा कथा राखिएका छन् ।

३. पेजका हिसाबले कक्षा ९ मा कथा विद्याले २०.६९% भाग ओगटेको छ भने कक्षा १० मा २१.८३% भाग ओगटेको पाइन्छ ।

४. पाठ्यक्रम अनुरूपताको आधारमा नै पाठ्यपुस्तकमा कथाहरू समावेश भएको पाइन्छ ।

५. सबै कथाहरूले चार ओटानी भाषीक सीपको प्रतिनिधित्व गरेको पाइन्छ ।

६. सुनाइ सीप विकास गर्न सहयोग गर्ने कथाको संख्यालाई हेर्दा लोककथा, ऐतिहासिक कथा र मनोवैज्ञानिक कथाबाट बढी सुनाइ सीपको विकास हुने देखिन्छ ।

७. पाठ्यविधा अन्तर्गत बोध, प्रयोग र सिर्जना पक्षको सन्तुलन रहेको पाइँदैन ।

८. क्षेत्रका आधारमा कथाहरू उपयुक्त रहेपनि क्रमका आधारमा विचलन पाइन्छ ।

९. छनोटका दृष्टिले दोषि चस्मा कथा उपयुक्त नरहेको पाइन्छ ।

१०. पाठ्यपुस्तकमा समाविष्ट कथाहरू मौनपठन र सस्वरपठनको लागि प्रभावकारी नै भएको देखिन्छ ।

११. अनुच्छेदका आधारमा कर्तव्य कथा ४८, दोषी चस्मा २४, न्यायको पक्ष ३१, शिशिर र वसन्तको कथा ४६, भविष्य निर्माण २१, र खड्गबहादुर ११ रहेको पाइन्छ ।

१२. तुलनात्मक रूपमा पाठ्यपुस्तकमा रहेका कथा मध्ये कर्तव्य कथा अलि लामो रहेको पाइन्छ ।

## ५.२ सुझाव

कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाको अध्ययन प्रस्तुत शोधमा गरिसकिएकाे छ । पाठ्यपुस्तकमा रहेका ६ ओटा कथाको अध्ययन विश्लेषण गर्दा पाठ्यक्रम अनुरूप नै ६ वटा कथाहरू समावेश भएपनि क्रमका आधारमा विचलन रहेकाले क्रमिकताका आधारमा कथाहरू समावेश गर्नु सन्दर्भिक रहनेछ । पौराणिक कथाका रूपमा समावेश 'न्यायको पक्ष कथा' विषयवस्तुका आधारमा झट्ट नबुजिने खाल्को रहेको पाइन्छ । यहाँ नीतिगत तह, अभ्यास तह र अनुसन्धान तहका लागि छुट्टा छुट्टै रूपमा सुझाव प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तहका लागि

१. विषयवस्तुका आधारमा सिर्जनात्मक खालका कथाहरूको सन्तुलन मिलाउँदा अझै उपयुक्त हुने देखिन्छ ।

२. भाषिक सीपको विकासका लागि भाषाका चारवटै सीपलाई समानुपातिक रूपमा समावेश गर्नु आवश्यक देखिन्छ ।

३. विद्यार्थीहरूको स्तर र मनोविज्ञानको अध्ययन गरी कथाहरूको चयन गर्न आवश्यक देखिन्छ ।

४. कथाहरूविद्यार्थीले पढ्दा सहजरूपमा बुझ्ने हुनुपर्दछ ।

५. कथाहरू धेरै लामो र धेरै छोटो कथाहरू पनि समावेश गर्नु उपयुक्त हुँदैन ।

६. कथा शिक्षण गर्दा भाषाको शुद्ध रूप सिकाउने खालका कथाहरू समायोजन गरिनु आवश्यक देखिन्छ ।

७. समय सापेक्ष पाठ्यक्रमको परिमार्जन गर्नु पर्छ ।

### ५.२.२ अभ्यास तहका लागि

अभ्यास तहका लागि सुझावहरू निम्नानुसार रहेका छन् ।

१. शब्दार्थ सूचिमा रहेका शब्दहरूको शिक्षण गर्दा ती शब्दबाट विद्यार्थीलाई वाक्य समेत निर्माण गर्न लगाउँदा प्रभावकारी हुने देखिन्छ ।

२. विद्यार्थीको रूचि, क्षमता र स्तरलाई ख्याल गर्दै विद्यार्थी केन्द्रित विधिको प्रयोग गरी कक्षा शिक्षण गर्दा अझ प्रभावकारी कक्षा शिक्षण हुने देखिन्छ ।

३. शब्दार्थ शिक्षण गर्दा शब्दकोश प्रयोग गर्नु आवश्यक देखिन्छ ।

४. समय समयमा भाषाविद्द्वारा भाषा कक्षाको सुपरीवेक्षण तथा मूल्याङ्कन गराउनु आवश्यक देखिन्छ ।

५. कक्षामा शिक्षकले शिक्षण गर्दा आफू सहजकर्ताका रूपमा रही विद्यार्थीहरू बीचमा नै छलफल र अभ्यास गराउँदा उद्देश्य हाँसिल गर्न थप बल पुग्ने देखिन्छ ।

६. सिर्जनात्मक अभ्यासमा राखिएका नमुना अभ्यासलाई पनि बराबरी महत्व दिने क्रियाकलाप गराउँदा विद्यार्थीको क्षमता विकासमा थप सहयोग पुग्ने देखिन्छ ।

## ५.२.३ अनुसन्धान तहका लागि

भावि अनुसन्धान गर्ने व्यक्तिहरूका लागि शीर्षकहरू नदोहोरियुन् र नछुटुन भनी निम्नानुसार सुझाव प्रस्तुत गर्न सकिन्छ ।

१. कक्षा ९ र १० को कथाका पाठहरूमा प्रयुक्त उखानटुक्काको अध्ययन,

२. कक्षा ९ र १० को नेपाली किताबमा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।

३. कक्षा १०मा अध्ययन गर्ने विद्यार्थीहरूको पठनबोध क्षमतासम्बन्धि अध्ययन,

४. कक्षा ९ र १० मा राखिएका चित्रहरूको उपयुक्ता सम्बन्धी अध्ययन,

५. कक्षा ९ र १० को नेपाली किताबमा प्रयुक्त शब्दहरूको आवृति गणना सम्बन्धी अध्ययन,

६. पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा भएका नमुना अभ्यासको विश्लेषण

७. भाषाशैलीको आधारमा कक्षा ९ को पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन

८. कक्षा १० को पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन,

९. शिक्षणीय प्रयोजनका दृष्टिले कक्षा १० को नेपाली किताबमा प्रयुक्त कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन ।

## सन्दर्भसूची


अधिकारी, गोविन्दप्रसाद (२०५५), *कक्षा ६ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट क विश्लेषणात्मक अध्ययन,* कीर्तिपुर अप्रकाशित शोधपत्र, त्रि.वि. ।

अर्याल, बेदप्रसाद (२०५५), *कक्षा ५ को किताबमा प्रयुक्त कथाको विश्लेषणात्मक अध्ययन,*कीर्तिपुर अप्रकाशित शोधपत्र, त्रि.वि.वि.।

आचार्य, देवीप्रसाद (२०६२), *कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाको पाठ्यक्रम अनुरूपताको अध्ययन,*सुकुना मोरङ अप्रकाशित शोधपत्र ।

खत्री, आनन्दा (२०६१), *कक्षा ८ को मेरो नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन,* कीर्तिपुर अप्रकाशित शोधपत्र, त्रि.वि.।

खत्री, आनन्द (२०६२), *कक्षा ८ को कथाको विश्लेषण,*कीर्तिपुर अप्रकाशित शोधपत्र त्रि.वि.वि.।

निरौला, कमला (२०६८), *कक्षा ६ र ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाको अध्ययन,*सुकुना मोरङ,अप्रकाशित शोधपत्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *माध्यमिक शिक्षा पाठ्यक्रम भाग १,* सोनोठिमी, भक्तपुर ।

पौड्याल, कृष्णबिलास (२०६३), *नेपाली आख्यान र नाटक,* विद्यार्थी पुस्तक भण्डार  काठमाडौ ।

पौडेल, देवीदत्त (२०६०), *कक्षा आठमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,* कीर्तिपुर अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.।

बराल, डा.ऋषिराज (२०६५), *नेपाली कथा भाग ३,* साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर ।

भट्टराई, इलोम (२०६१), *कक्षा सातको नयाँ पाठ्यक्रम अनुसार नेपाली पाठ्यपुस्तकमा समावेश कथाको विश्लेषणात्मक अध्ययन,*कीर्तिपुर अप्रकाशित शोधपत्र, त्रि.वि.वि.।

भण्डारी, पारसमणि, रामनाथ ओझा र डोलराज अर्याल (२०६८), *भाषिक अनुसन्धान विधि* पिनाकल पब्लिकेसन, काठमाडौ ।

राई, तेजेन्द्र (२०७०), *पाठ्यक्रम अनुरूपताको दृष्टिले कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन,*सुकुना मोरङ अप्रकाशित शोधपत्र।

शर्मा, केदारप्रसाद र माधव पौडेल (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* कीर्तिपुर : न्यू हिराबुक्स इन्टरप्राइजेज ।

शर्मा, चिरञ्जीवी (२०६७), नयाँ संस्करण *पाठ्यक्रम योजना र अभ्यास,* भोटाहिटी काठमाडौ, एम. के पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स प्रा.लि. ।

शर्मा, चिरञ्जीवी (२०६३), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौ ।